# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ९५ | काठमाडौं | शुक्रबार, ११ साउन २०८१ | Prabhab National Daily | Friday, July 26, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सडकले निम्त्याएको सास्ती



■ ध्रुवसागर शर्मा

- राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गतको बेनी-जोमसोम सडकमा चारवटा 'अति जोखिमपूर्ण पहिरो' पहिचान
- बेनीदेखि लेतेसम्मको ३८ किलोमिटर सडकमा ३५ वटा सानाठूला पहिरो
- बैसरी पहिरो, सिरूवारी पहिरो, गुइठेपहिरो र खामभित्ता पहिरो 'अति जोखिमपूर्ण' सूचीमा
- म्याग्दीको 'लाइफलाइन' मानिएको बेनी-दरबाङसडकअन्तर्गत फापरखेतको पहिरो झनझन् भयानक बन्दै

**गलेश्वर (म्याग्दी)**– म्याग्दीको विकासका लागि 'लाइफ लाइन' भनिएका बेनी-जोमसोम र बेनी-दरबाङ सडकले जनतालाई सुविधा बढी दिए कि सास्ती ? अहिले यही विषयलाई लिएर जिल्लामा बहस हुने गरेको छ । विकासका लागि सडकलाई पहिलो पूर्वाधार मानिन्छ तर म्याग्दीको सन्दर्भमा भने सडककै कारण जनताले पाएको सास्ती र सुविधाको तुलना गर्नुपर्दा ढुक्कसँग सुविधा बढी भनेर भन्न सकिने अवस्था छैन ।

सुविधाकै लागि भनेर सडक निर्माण गरिन्छ । सडक यात्रीहरूको सुविधाका लागि मात्र नभएर ढुवानी, बजारीकरण र गाउँ र सहरलाई जोड्ने माध्यम पनि हो । म्याग्दीको सदरमुकाम बेनी बजार राष्ट्रिय राजमार्ग (बेनी-मालढुंगा-पोखरा) सँग जोडिएको करिब तीन दशक भयो ।

वि.सं. २०४८ मा 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत सुरु गरेर २०५२ सालमा मार्ग खुलेको बेनी-मालढुंगा सडक निर्माण भएपछि म्याग्दी राष्ट्रिय राजमार्गसँग जोडिएको थियो । जिल्ला सदरमुकाम बेनी राष्ट्रिय राजमार्गसँग जोडिएको १२ वर्षपछि २०६४ सालमा नेपाली सेनाले बेनी-जोमसोम सडकको 'ट्र्याक' खोलेर २०६७ सालमा सडक विभागलाई हस्तान्तरण गरेको हो । ७६ किलोमिटर दूरीको यो सडकमार्गबाट हिमालपारिको जिल्ला मुस्ताङलाई देशको संघीय राजधानी काठमाडौं, प्रदेशको राजधानी पोखरालगायत देशका अन्य सहरहरूसँग जोड्ने एकमात्र माध्यम हो । कालीगण्डकी नदीको तिरैतिर, अनेकौं भिर र पहरालाई छिचोल्दै यात्रा गर्नुपर्ने यो सडकको अन्य कुनै विकल्प नहुँदा ज्यानको माया मारेर यात्रा गर्नुपर्ने बाध्यता रहेको छ ।

यस सडकमा खस्ने पहिरोले सवारीसाधनमा क्षति पुग्ने र यात्रुलाई चोट लाग्नुका साथै आवतजावत बन्द हुँदा जोखिम, झन्झट र सास्तीपूर्ण बनेको हो । बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा गत असारयता दैनिकजसो यातायात अवरुद्ध हुने गरेको छ । वर्षाले गर्दा नियमितरूपमा पहिरो झरेकाले यातायात सञ्चालन गर्न नसक्दा मुस्ताङ जाने र मुस्ताङबाट फर्कने पर्यटक, तीर्थयात्री र सवारीसाधनलाई समस्या भएको मुस्ताङबाट बेनी फर्कदै गरेका रमेश अधिकारीले जानकारी दिए । 'सडक खुलेको १७ वर्ष बितिसक्दा पनि राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम सडकखण्डमा सधैं सास्ती हुने गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

# 'डेडिकेटेड र ट्रंक'लाइन विवादमा लेखाको 'इन्ट्री'

- लाल आयोगको प्रतिवेदन सार्वजनिक लेखा समितिले माग्यो
- सांसदहरूबीच बक्यौताबारे मतभेद
- उद्योगीहरूद्वारा ६ अर्ब बढी बक्यौता 'डेडिकेटेड र ट्रंक'लाइनको बुझाउन बाँकी



■ जेबी योञ्जन

काठमाडौं- नेपाल विद्युत् प्राधिकरण र उद्योगीहरूबीच लामो समयदेखि जारी 'डेडिकेटेड र ट्रंक' लाइन महसुलको विवादमा संसदको सार्वजनिक लेखा समितिको 'इन्ट्री' भएको छ । समितिले विवादबारे छानबिन गर्न यसअघि गठित सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लाल नेतृत्वको जाँचबुझ आयोगले बुझाएको प्रतिवेदन मागेको छ ।

समिति सभापति ऋषिकेश पोखरेलले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई बिहीबार पत्र लेख्दै अध्ययन प्रयोजनका लागि प्रतिवेदन पठाउन अनुरोध गरेको जानकारी दिए । 'समिति बैठकमा सरकारलाई बुझाएको लाल आयोगको प्रतिवेदन माननीय सदस्यहरूले अध्ययनका लागि माग गर्नु भएअनुसार मागेका हौं', उनले प्रभावसँग भने ।

प्राधिकरणले लोडसेडिङको बेला ६५ प्रतिशत प्रिमियम महसुल लिने सर्तमा डेडिकेटेड फिडर र ट्रंकलाइनबाट २४ घण्टासम्म विद्युत् दिएको थियो । तर, त्यसको प्रिमियम महसुल तिर्न ६१ उद्योगले आनाकानी गर्दै आएका छन् । उद्योगीहरूले प्रमाणविना महसुल नतिर्ने दाबी गर्दै आएका छन् । तर, प्राधिकरणले कानुनले भनेअनुसार सम्पूर्ण प्रमाण उपलब्ध गराएको दाबी गर्दै आएको छ । यस सम्बन्धमा पछिल्लोपटक बनेको विद्युत् महसुल विवाद समाधान आयोग, २०८० को प्रतिवेदनको आधारमा मन्त्रिपरिषद्ले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत प्राधिकरणलाई ०७२ माघदेखि ०७५ वैशाखसम्मको अवधिको मात्रै प्रिमियम महसुल उठाउन निर्देशन दिएको थियो ।

०७२ साउनदेखि पुस र ०७५ जेठदेखि ०७७ जेठसम्मको बक्यौता मिनाहा गरिदिएको थियो । सोहीअनुसार प्राधिकरणले ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता तिर्न १५ दिनको म्याद राखेर गत १० असारमा उद्योगीहरूलाई पत्र पठाएको थियो । तर, उद्योगीहरूले बक्यौता तिरेनन् । तोकिएको म्यादमा कुनै पनि उद्योगीले बक्यौता नतिरेपछि प्राधिकरणले लाइन काटेको थियो तर प्रधानमन्त्री केपी शर्मा ओलीको दबाबपछि मंगलबार लाइन फेरि जडान गरिएको छ ।

त्यसो त प्राधिकरणले यसअघि गत वर्षको ६ देखि २६ पुससम्म विभिन्न २३ उद्योगमा लाइन काटेको थियो । पछि तत्कालीन मन्त्रिपरिषद्ले २४ पुस ०८० मा यो विवाद समाधान गर्न आयोग गठन गर्ने निर्णय गरेको थियो । साथै, लाइन काटिएका उद्योगमा बिजुली जोड्न निर्देशन पनि दिएको थियो । त्यसबेलाको सरकारले प्राधिकरणलाई लिखित निर्देशन नै दिएर लाइन जोड्न भनेको थियो । २४ पुस ०८० मा मन्त्रिपरिषद्ले निर्णय गरे पनि लिखित निर्देशन आएपछि २७ पुस ०८० मा उद्योगमा लाइन जोड्ने निर्णय प्राधिकरण सञ्चालक समितिले गरेको थियो ।

यसपटक पनि प्रधानमन्त्री ओलीको दबाब थेग्न नसकेर प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ बक्यौता नबुझाउको अवस्थामा लाइन जोड्ने निर्णय गर्न बाध्य भए । र, 'डेडिकेटेड र ट्रंक' लाइनको महसुल विवाद अझै समाधान भएको छैन ।

लेखा समितिले बिहीबार नै 'डेडिकेटेड र ट्रंक' लाइनको महसुल विवादका सम्बन्धमा उद्योगी व्यवसायीसँग छलफल गरेको थियो । छलफलमा अधिकांश सांसदले लाल आयोगको प्रतिवेदन माग गर्न समिति सभापतिको ध्यानाकर्षण गराएका थिए ।

उद्योगी व्यवसायीका तर्फबाट कानुन व्यवसायी रमनकुमार कर्णले विवादका सम्बन्धमा प्रष्ट पारेका थिए । समितिका सदस्यहरूले कानुन व्यवसायीको प्रस्तुतलाई उद्योगीका भनाइका रूपमा लिन नसकिने उल्लेख गर्दै उद्योगी स्वयंले धारणा राख्नु उपयुक्त हुने सुझाव दिएका थिए । राप्रपा सांसद राजेन्द्र लिङ्देनले महसुल विवाद सम्बन्धमा अध्ययन गर्न गठित लाल आयोगको प्रतिवेदनका आधारमा छलफल गर्नु उपयुक्त हुने सुझाव दिँदै सो प्रतिवेदनमा उल्लेखित सुझाव कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## विदेश जाने कामदारलाई दुःख दिने म्यानपावरमाथि कारवाही हुने

■ प्रभाव संवाददाता

**काठमाडौं**– वैदेशिक रोजगार विभागले रोजगारीको लागि विदेश जाने तयारीमा रहेका युवाहरूलाई दुःख नदिन इजाजतपत्र प्राप्त संस्था (म्यानपावर)हरूलाई आग्रह गरेको छ । अन्यथा विभागको आग्रह नटेर्ने म्यानपावरलाई वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम कारवाही हुने चेतावनी दिइएको छ ।

विभागले बिहिबार एक विज्ञप्ति जारी गर्दै म्यानपावर व्यवसायीहरूले कुनै पनि व्यक्ति वैदेशिक रोजगारीमा जानका लागि छनौट नहुँदै राहदानी लिने, वैदेशिक रोजगारीमा नपठाउने र राहदानी लिन जाँदा सेवा शुल्क माग्ने जस्ता कार्य गरेको गुनासो प्राप्त भएकाले त्यसो नगर्न आग्रह गरेको छ । विभागले पिडित तथा सरोकारवालाबाट विभिन्न खाले गुनासाहरू आउने गरेको भन्दै यसप्रति ध्यानाकर्षण भएको उल्लेख गरेको छ ।

विभागले म्यानपावर व्यवसायीहरूबाट वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १४ बमोजिम वैदेशिक रोजगारीका लागि विज्ञापनमा उल्लेख गरिए अनुसारको मिति र समयमा अन्तर्वार्ता नगराउने र सार्ने गरिएको पनि बताएको छ । अन्तर्वार्ताको मितिमा आवेदक जाँदा कार्यालय बन्द हुने, अन्तर्वार्ता नगराउने, पछि बोलाएर लिन्छौं भन्ने गरेको गुनासा प्राप्त भएको विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले बताए । विज्ञापन बमोजिम अन्तर्वार्ता गराउन समेत विभागले सचेत गराएको उनले जानकारी दिए । यद्यपी विभागको निर्देशन अवज्ञा गर्ने र विदेश जाने श्रमिकलाई अनावश्यक दुःख दिएको पाइएमा म्यानपावर कम्पनीमाथि प्रचलित कानुन बमोजिम कारवाही हुने बताइएको छ ।

विभागले म्यानपावर कम्पनी मात्र नभई रोजगारीको लागि विदेश जानुपूर्व लिइने अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरूलाई पनि तोकिएको मापदण्ड बमोजिम तालिम प्रदान गर्न निर्देशन दिएको छ । अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूबाटसमेत मापदण्ड बमोजिम सञ्चालन नगरेको गुनासो आएको उल्लेख गर्दै अनुगमन गर्दा समेत मापदण्ड विपरीत भेटिएको विभागले उल्लेख गरेको छ । तसर्थ 'अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६' बमोजिम अनिवार्य तोकिएको मापदण्ड बमोजिम तालिम प्रदान गरेर मात्र प्रमाणपत्र उपलब्ध गराउन विभागले सचेत गराएको छ । अन्यथा विभागले मापदण्ड विपरीत गरेको खण्डमा नियमानुसार कारबाही गर्ने चेतावनी दिएको छ ।

## सिंगापुर पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं, (प्रस)**– वैदेशिक रोजगारीको लागि सिंगापुर पठाइदिन्छु भन्दै प्रलोभनमा पारी ठगी गरेको आरोपमा एक महिला पक्राउ परेकी छन् । पक्राउ पर्नेमा उदयपुर पञ्चकन्या नगरपालिका- ४ घर भई हाल काठमाडौं टोखा बस्ने अन्जना राई रहेको प्रहरीले जनाएको छ ।

राईले आकर्षक तलबमा सिंगापुर पठाइदिने भन्दै पिडितलाई ठगी गरेको बताइएको छ । उनले पीडितसँग सिंगापुरको प्रतिष्ठित कम्पनीमा काम लगाइदिने विश्वास दिलाई पटकपटक गरी तीन लाख ३६ हजार रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । राईलाई खोजतलासका क्रममा टोखा सिंगापुर कोलोनीबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पीडितबाट रकम लिएर सम्पर्कविहीन भएकी राईलाई वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेकी उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक काजी कुमार आचार्यले जानकारी दिए ।

## युएई जाने श्रमिक ६६ प्रतिशतले वृद्धि

**काठमाडौं, (प्रस)**– वैदेशिक रोजगारीको लागि संयुक्त अरब इमिरेट्स (युएई) जाने नेपाली श्रमिकको संख्या ह्वात्तै बढेको छ । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा युएई जान एक लाख ९३ हजार ४३८ जनाले श्रम स्वीकृति लिएका छन् ।

अघिल्लो आव २०७९/८० मा यो संख्या एक लाख १६ हजार १५९ रहेको थियो । यसरी हेर्दा युएई जाने नेपाली श्रमिकको संख्या एक वर्षमा ६६ प्रतिशतले वृद्धि भएको छ । यस आवमा कुल सात लाख ४१ हजार २९७ जना वैदेशिक रोजगारीमा गएका छन् । जसमा युएईले मात्रै झण्डै २७ प्रतिशत ओगटेको छ ।

युएईमा धेरै श्रमिक जानुमा मलेसियाको प्रभाव परेको म्यानपावर व्यवसायीहरू बताउँछन् । पछिल्लो समय मलेसियाले आप्रवासी श्रमिक लिन बन्द गरेका कारण युएई जानेको संख्या बढेको वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए ।

युएई पछि साउदी, कतार, मलेसिया र कुवेत रहेका छन् । साउदीमा एक लाख ४१ हजार ५०२ जना, कतारमा एक लाख ३४ हजार ६६९ जना, मलेसियामा एक लाख तीन हजार ४४२ जना र कुवेतमा ४० हजार ३६८ जना रोजगारीको लागि गएका छन् । उल्लेखित मुलुकहरूले झण्डै ८५ प्रतिशत नेपाली श्रमिक लिने गरेको विभागको तथ्यांकले देखाउँछ ।




पृष्ठ १ बाट क्रमशः

## डेडिकेटेड र ट्रंक...

कांग्रेस सांसद अर्जुननरसिंह केसीले आयोगको प्रतिवेदन समितिमा पेस हुनुपर्ने तथा महसुल नतिरेका उद्योगी र नेपाल विद्युत् प्राधिकरण जिम्मेवार पदाधिकारीलाई सँगै राखेर छलफल गर्नुपर्ने बताए। महसुल विवादलाई लिएर देखिएको टिकाटिप्पणीका आधारमा ठूलो अनियमितता रहेको भाष्य खडा गर्न खोजिएको उल्लेख गर्दै उनले यससम्बन्धमा चाँडै निष्कर्षमा पुग्नुपर्ने बताए ।

नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले लाल आयोगको प्रतिवेदन, जिल्ला र पुनरावेदन अदालतको आदेश, महालेखाको टिप्पणी, मन्त्रिपरिषद्को निर्णय र लेखा समितिले गठन गरेको उपसमितिले दिएको महसुल उठाउनेसम्बन्धी निर्देशन कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले घरायसी उपभोक्ताको विद्युत् कटौती गरेर उद्योगीलाई निरन्तर विद्युत् उपलब्ध गराइएको यथार्थलाई उद्योगीले विषयान्तर गर्न नहुने बताए । कांग्रेसकै सांसद सञ्जय गौतमले उद्योगीले प्राधिकरणलाई तिर्नुपर्ने रकम बुझाउनुपर्ने र खपत नगरेको विद्युत्को रकम प्राधिकरणले दाबी गर्न नमिल्ने बताए । बैठकमा एमाले सांसद गोकुलप्रसाद बाँस्कोटाले विद्युत् महसुलसम्बन्धी विवादलाई लामो बनाउन नहुनेमा जोड दिँदै तथ्यको जाँचपछि निष्कर्षमा पुग्नुपर्ने धारणा व्यक्त गरे ।

देशमा लोडसेडिङ कायम रहेका बेला प्राधिकरणले 'डेडिकेटेड फिडर र ट्रंक'लाइनबाट बढी समय विद्युत् उपलब्ध गराएको थियो। त्यसवापत विद्युत्को प्रिमियम महसुल भने तिर्न उद्योगीहरूले केही वर्षयता लगातार आनाकानी गर्दै आएका छन् । प्राधिकरणले वक्यौता नतिर्ने ६१ मध्यमो रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, जगदम्बा सिन्थेटिक्स, जगदम्बा स्टिल र हुलास स्टिललगायत पर्ने जनाएको छ ।

पछिल्लो समय प्राधिकरणले यी उद्योगहरूमा लाइन कटौती गरेको थियो। प्राधिकरणका अनुसार विगतमा ठूलो अंकमा महसुल मिनाहापछि पनि ६१ उद्योगले जरिवानासहित आठ अर्ब २६ करोड बक्यौता तिर्न बाँकी छ। त्यसमध्ये जगदम्बा स्टिलको एक अर्ब ६० करोड १८ लाख, रिलायन्सको ७५ करोड ३७ लाख, घोराहीको ५१ करोड, अर्घाखाँचीको ४४ करोड ८६ लाख, जगदम्बा सिन्थेटिक्सको २० करोड र हुलासको १४ करोड बक्यौता छ ।

तर, उद्योगीहरूले टाइम अफ डे (टिओडी) मिटरको तथ्यांकका आधारमा मात्रै डेडिकेटेड फिडर र ट्रंकलाइनबापतका अतिरिक्त (प्रिमियम) महसुल तिर्ने अडान कायमै राखेका छन् । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ भने महसुल तिर्ने सन्दर्भमा बहानाबाजी नगर्न चेतावनी दिँदै आएका छन् ।

●●●

## सडकले...

कमजोर भू-बनोट र कालीगण्डकी नदीको कटानका कारण हिउँदमा सुक्खा पहिरो र वर्षामा बाढीपहिरोका कारण यो सडकमा ज्यानकै जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता छ,' उनले भने । 'राष्ट्रिय गौरवको आयोजना भनेर परिभाषित गरेको कालीगण्डकी करिडोरअन्तर्गतको बेनी-जोमसोम सडक जोखिमको पर्याय बनेको छ। यो सडकको न अर्को कुनै विकल्प छ न त सडक वन्द गर्न सकिने अवस्था नै । हिउँद होओस् वा बर्खा भगवान् पुकार्दै ज्यानकै माया मारेर यो सडकमा यात्रा गर्नुपर्ने बाध्यता छ,' म्याग्दीको पर्यटन अभियन्ता तथा बेनी बजारका व्यवसायी राजेश शाक्यले बताए ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाको बेनी-लेतेसम्मको ३८ किलोमिटर सडकमा ३५ वटा सानाठूला पहिरो रहेको बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख ध्रुवकुमार झाले बताए । 'ती पहिरोहरूमध्ये वैसरी पहिरो, सिरुवारी पहिरो, गुइठेपहिरो र खामभित्ता पहिरो 'अति जोखिमपूर्ण' पहिरो हुन् भने १४ पहिरोलाई जोखिमयुक्त पहिरोको सूचीमा राखेका छौं,' उनले भने ।

कालीगण्डकी करिडोरअन्तर्गत मालढुंगा-बेनी-जोमसोम-कोरला सडक आयोजनाले गलेश्वर पहिरो, तातोपानी पहिरो, लाटाखोला पहिरो, रूपसेछहरा र काप्रेभिर जोखिमपूर्ण पहिरोसहित सबै पहिरो व्यवस्थापनमा ७० करोड रूपैयाँभन्दा बढी लागत लाग्ने बताइएको छ । 'अति जोखिमयुक्त र जोखिमयुक्त पहिरो प्रभावित क्षेत्रमा वैकल्पिक सडकबाट यातायात सञ्चालनको सम्भावना पनि छैन,' आयोजना प्रमुख झाले भने ।

पाखोबाट खस्ने ढुंगा र पहिरोले गुडिरहेका सवारीसाधनलाई क्षति पुग्ने र यात्रुलाई चोटपटक लाग्ने गरेको छ । दुई वर्षदेखि बैसरीमा पनि पहिरो खस्न सुरु भएको छ । वैकल्पिकरूपमा सडक स्तरोन्नतिमा ध्यान नदिँदा ठूला सवारीसाधन पहिरोले रोकिनुपर्ने अवस्था छ। भिर खनेर बनाइएको बेनी-जोमसोम-कोरला सडक, सडक माथि र तल भिर, भिरमाथिको पाखो, भूमिगत पानी र पहिरोले चिराचिरा परेको भूगोलका कारण यो सडकमा पहिरो खसिरहने हुँदा जोखिम बढ्नाका साथै सडक अवरुद्ध हुने गरेको सुपरभाइजर इन्द्रसिंह शेरचनले बताए । सडकमा थुप्रिने पहिरो डोजरको सहायताले पन्छ्याउने गरिएको पनि उनले जानकारी दिए ।

वर्षाका कारण ढुंगा र माटोसहितको लेदो खसिरहने र ठाउँठाउँमा पहिरो जाने भएकाले यात्रु तथा सवारीसाधनलाई आवश्यक सुरक्षा सावधानी अपनाएर यात्रा गर्न अनुरोध गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ । म्याग्दीको तिल्केनीदेखि मुस्ताङको घाँसासम्म सडकको डिलतर्फ पहाडको खोँच छिचोलेर उर्लंदै बगेको कालीगण्डकी र कुनातर्फ विशाल पहरा र भिरबाट आउने पहिरोले बेनी-जोमसोम सडकको अधिकांश भाग खतरायुक्त रहेको प्रहरीले जनाएको छ ।

उक्त सडक कालीगण्डकी करिडोरमा समेटिएपछि विगत सात वर्षदेखि स्तरोन्नति र चार वर्षदेखि कालोपत्रको काम सुरु भएको छ। तर प्रत्येक वर्ष जेठदेखि असोजसम्म बाढीपहिरोका कारण सडकमा काम गर्न सकिने अवस्था नरहने हुँदा बर्सेनि यात्रीले सास्ती खेप्दै आउनुपरेको बेनी-जोमसोम सडक आयोजनाका प्रमुख झाले बताए । भिरकोट र बाँदरजुंगे भिरमा सडक बनाउन नयाँ प्रविधि भित्र्याउन सडक विभागले अध्ययन गरेको थियो । सुरुङ र हाफ ब्रिज प्रविधि प्रयोग गर्ने विकल्पमा सम्भाव्यता अध्ययन भएको बताइए पनि काम सुरु हुन नसकेको स्थानीय जनप्रतिनिधिले बताएका छन् । गत सोमबार गलेश्वरमा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा पनि बेनी-जोमसोम-कोरला सडकको उत्पन्न गरेको समाधानविहीन समस्याको विषयमा छलफल भएको थियो । आयोजना प्रमुख झाले विकल्पविहीन सडकले निम्त्याएको जोखिम र समस्याका बारेमा आयोजना एक्लैले केही गर्न नसक्ने र सबै पक्षको उत्तिकै चासो रहनुपर्ने बताएका थिए ।

'प्रदेशकै लाइफलाइन मानिएको सडकमा बर्सेनि कयौं व्यक्तिहरूको 'लाइफ इन्ड' हुने गरेको छ,' रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले भने, '२०६४ सालदेखि नै यस सडकको अवस्था सुधार्ने धेरै प्रयास भए पनि संवेदनशील भूगोल र परम्परागत प्रविधि प्रयोगका कारण सडकको अवस्था जस्ताको त्यस्तै रहेको छ।'

बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डमा बाढीपहिरोको जोखिम रहेकाले रातको समयमा यात्रा नगर्न जिल्ला प्रशासन कार्यालयले अनुरोध गरेको छ । बर्सात्को समयमा वर्षाजन्य विपद्का कारणबाट हुने सवारी दुर्घटनालाई दृष्टिगत गर्दै सडकखण्डको म्याग्दी क्षेत्रमा रहेको जोखिमपूर्ण स्थानमा पहिरोग्रस्त लेखिएको सूचना बोर्ड राखिने, रातको समयमा यात्रा गर्दा फस्ने यात्रुलाई उद्धारमा समस्या हुने प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले बताए । 'रातको समयमा यात्रा निकै जोखिमपूर्ण छ, बाढीपहिरोग्रस्त क्षेत्रमा सूचना बोर्ड राख्दै छौं, ट्राफिक प्रहरीलाई समेत रुटको अवस्थाका बारेमा जानकारी गराउने गरी खटाइएको छ,' प्रजिअ ढकालले भने ।

### 'अति जोखिमपूर्ण' चारवटा पहिरो पहिचान

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गतको बेनी-जोमसोम सडकमा चारवटा 'अति जोखिमपूर्ण पहिरो' पहिचान भएका छन् । भूगर्भविद्हरूबाट अहिले भइरहेको भौगर्भिक अध्ययनअनुसार बेनीदेखि लेतेसम्मको ३८ किलोमिटर सडकमा ३५ वटा सानाठूला पहिरो रहेकामा बैसरी पहिरो, सिरुवारी पहिरो, गुइठेपहिरो र खामभित्ता पहिरो 'अति जोखिमपूर्ण' पहिरो पहिचान भएका बेनी-जोमसोम-कोरला सडक आयोजना प्रमुख ध्रुव झाले जानकारी दिए ।

उनका अनुसार गलेश्वर पहिरो, तातोपानी पहिरो, लाटाखोला पहिरो, रूपसेछहरा र काप्रेभिर पहिरोलाई जोखिमपूर्ण पहिरोको सूचीमा राखिएको छ । पहिरोको विस्तृत अध्ययन भइरहेकोले पहिरो नियन्त्रणका लागि लागत अनुमान तथा डिपिआर निर्माण गर्ने काम भने अझै बाँकी रहेको उनले जानकारी दिए । 'बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डमा पर्ने ३८ किलोमिटर सडक खण्डमा पर्ने पहिरोको भौगर्भिक अध्ययन भइरहेको छ, अहिलेसम्म चारवटा अति जोखिमयुक्त पहिरो पहिचान गरी सूचीकृत गरिएको छ,' आयोजना प्रमुख झाले भने ।

'बेनी-लेते खण्डमा रहेका ३५ वटा पहिरोहरूमध्ये नौवटा पहिरो मनसुन याममा यात्रा जोखिमपूर्ण रहेका पाइएको छ,' मालढुंगा-बेनी-जोमसोम-कोरला सडक आयोजना इञ्जिनियर विष्णु चापागाईंले भने, 'यी स्थानमा वर्षा हुने बित्तिकै पहिरो खस्ने भएकाले मनसुन अवधिभरका लागि एस्काभेटर र लोडर स्ट्यान्डबाई राखेका छौं । यो सडकमा यात्रा गर्दा अलि सचेत हुनुपर्ने देखिएको छ ।'

मनसुन सुरु भएपछि बेनी-लेते खण्डका यी पहिरोहरूले दिनमा कहीँ न कहीँ यातायात अवरुद्ध हुन्छन् । पहिरोग्रस्त भिरमाथिबाट पानी पर्दा निरन्तर लेदो र ढुंगा खस्ने भएकाले पैदल तथा सवारीसाधनका यात्रु जोखिममा छन् । अति जोखिमयुक्त मानिएका बैसरी, सिरुवारी, गुइठे र खामभित्ता पहिरोमा जमिनभित्र मूल निक्लने र भित्रभित्र बग्ने समस्या रहेकाले अति कम्प्लेक्स देखिएकाले पहिरोभित्र पाइप छिराएर होरिजेन्टल ड्रेनमार्फत जमिनभित्रको पानी बाहिर निकाल्ने योजना रहेको उनले जानकारी दिए ।

### जति पन्छायो त्यति खस्छ फापरखेतको पहिरो

डेढ दशकदेखि करोडौं खर्चिएर स्तरोन्नति तथा हरेक बर्खाको समयमा दर्जनौंपटक मर्मत गरिए पनि पश्चिम म्याग्दीको 'लाइफलाइन' मानिएको बेनी-दरबाङ सडकको फापरखेतको पहिरो झनझन् भयानक बन्दै सधैंको टाउको दुखाइ बनेको छ। बेनी नगरपालिका-४ र मंगला गाउँपालिका-२ को सिमानामा पर्ने यो पहिरो झनै फराकिलो बन्दै जाँदा रोकथामका साथै वर्षा नहुँदासमेत जोखिम बढेपछि आवतजावतमा समस्या भएको छ ।

पहिरोको विकल्पमा वैकल्पिक सडक र म्याग्दी नदीमा बेलिब्रिज निर्माणका लागि प्रारम्भिक अध्ययनमै सीमित भएपछि अहिले पश्चिम म्याग्दीका तीन स्थानीय तहबाट सदरमुकाम बेनीसम्म आउनजान पनि निकै समस्या हुने गरेको यात्रुको भनाइ छ । 'यो पहिरोमा अब हिउँदको समयमा पनि यात्रा गर्न जोखिम हुन्छ, वैकल्पिक सडकमा सरोकारवालाले ध्यान नदिँदा समस्या ज्यूँका त्यूँ छ,' मंगला गाउँपालिका-१, कुहुँका दीपशिखा माविका प्रधानाध्यापक डा. नन्दबहादुर खत्रीले भने । उनले अहिलेको अवस्थामा प्रयोग भइरहेको वैकल्पिक सडकमा मोटरसाइकलबाट आवतजावत गर्नसमेत निकै समस्या भएको बताउँदै तत्काल वैकल्पिक सडक र बेलिब्रिज निर्माणमा ढिलाइ गर्न नहुने बताए ।

बर्खायाममा झनै जोखिमपूर्ण बन्दै गएको भन्दै वैकल्पिक मार्गमा ध्यान दिन सरोकारवाला निकायलाई अनुरोध गरिएको मंगला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताए । 'बर्खाको समयमा वैकल्पिक मार्ग आवश्यक छ, पालिकाले धेरै पहल गरेको छ, अहिले मोटरसाइकललाई सहज हुने गरी वैकल्पिक बाटो मर्मतमा जुटेका छौं,' अध्यक्ष रोकाले भने ।

मंगला गाउँपालिका-३ पखेर लुलियाघाट र वडा नं २ मा पर्ने सिमलचौर जोड्ने म्याग्दी नदीमाथि बेलिब्रिज तथा पखेरदेखि लुलियाघाट र सिमलचौरको मूल सडक जोड्ने करिब एक किलोमिटर वैकल्पिक सडक निर्माणका लागि गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसहितको टोलीले हालै प्रस्तावित स्थानको अध्ययनसमेत गरेको थियो । प्रस्तावित स्थानमा जग्गा पर्ने स्थानीयको असहमति तथा बजेटको सुनिश्चितता नहुँदा वैकल्पिक मार्गले गति लिन नसक्दा यो बर्खामा यात्रुलाई निकै सास्ती भएको छ ।

सडक विभागले फापरखेत-पखेर जोड्ने १०५ मिटर लामो मोटरेबल पुल निर्माण गरेको अवस्थामा सो क्षेत्रबाट मार्ग व्यवस्थित बनाउन सकेमा हिउँदमा फापरखेतको पहिरो पन्छ्याउने झन्झट गर्नु पर्दैन । फापरखेतमा करिब २०० मिटर सडक पहिरोग्रस्त छ। सडकदेखि साढे २०० भन्दा माथि रहेको पहिरो यसपटक झनै फराकिलो बन्दै पुल आसपासको क्षेत्रमाथि समेत खस्न थालेपछि पुल नजिकै रहेका घर जोखिममा परेको छ । २४ किलोमिटर दूरीको बेनी-दरबाङ सडकमा नियमित यातायात सञ्चालन गर्न फापरखेत र बांगेपहिरो मुख्य चुनौती बनेको छ । *रासस*


नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय,
मलाही मलंगवा, मोही फांट

**३५ दिने सार्वजनिक सूचना**

जिल्ला स. गा.वि.स. बलरा (लक्ष्मीपुर) वार्ड नं. १ हाल बलरा न.पा. वार्ड नं. ३ बस्ने रामदेव चमारलाई हकदावी गर्न आउने बारेको सूचना ।
उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स. बलरा वार्ड नं. १ हाल बलरा न.पा. वार्ड नं. ३ बस्ने **राम दुलारी देवी** को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. बलरा वार्ड नं. १ कि.नं. २६३ को ज. वि. ०-५-३ जग्गाको मोही महलमा जिल्ला स. गा.वि.स. बलरा (लक्ष्मीपुर) वार्ड नं. १ हाल बलरा न.पा. वार्ड नं. ३ बस्ने **रामदेव चमार** को नाम उल्लेख रहेकोमा जग्गा धनीले **मरुवा मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/४/१ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **भगुवा मोही लगत कट्टा** तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।



**सूचना**

यस रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रीज प्रा. लि. बाट उत्पादित निम्न स्प्रीट तथा ई. एन. ए. मिति २०८१/०४/११ गतेदेखि कारखाना रेट (Ex- Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीको लागि यो मूल्यसूची प्रकाशित गरिएको छ। यस मूल्यमा अन्त शूल्क तथा मु.अ. कर समावेश छैन ।

1. Rectified spirit (Rs) प्रतिलिटर रु ८८/-
2. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु ११८/-
3. Denature Spirit (DS) प्रतिलिटर रु १०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रीज प्रा. लि.,**
**कलैया उ.म.नपा २४, बारा**



नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय,
मलाही मलंगवा, मोही फांट

**३५ दिने सार्वजनिक सूचना**

जिल्ला सर्लाही गा.वि.स. जब्दी वार्ड नं. ९ हाल लालबन्दी न.पा. वार्ड नं. १७ वस्ने **साङ्ग दोर्जे हेन्जन तामाङ्ग** लाई हकदावी गर्न आउने बारेको सूचना ।
उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स. रानिजंज वार्ड नं. १ हाल लालवन्दी न.पा. वार्ड नं. १७ वस्ने **भोज कुमारी श्रेष्ठ** समेत को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. जब्दी वार्ड नं. ९(घ) कि.नं. ३४२ को ज.वि. ०-१-० जग्गाको मोही महलमा जिल्ला स. गा.वि.स. जब्दी वार्ड नं. ९ हाल लालबन्दी न.पा. वार्ड नं. १७ बस्ने **साङ्ग दोर्जे हेन्जन तामाङ्ग** को नाम उल्लेख रहेकोमा जग्गा धनीले भगुवा **मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/४/६ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **भगुवा मोही लगत कट्टा** तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।


# नियमित बजार अनुगमनमा जोड

**काठमाडौं–** राष्ट्रिय सभाका सदस्य र उपभोक्ता अधिकारकर्मीले उपभोक्ता ठगिने क्रम रोक्न बजार अनुगमन प्रणालीलाई नियमित गर्नुपर्नेमा जोड दिएका छन् । संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बिहीबारको बैठकमा बोल्दै उनीहरूले उपभोग्य वस्तु तथा सेवाको गुणस्तर एवं मूल्यवृद्धिको नियमित बजार अनुगमन गर्नुपर्ने आवश्यकता औंल्याएका हुन् । उनीहरूले उपभोक्ता सचेतनाले मात्र बजार स्वस्थ र प्रतिस्पर्धी हुने धारणा राखे ।

समिति सभापति सोनामगेल्जेन शेर्पाले नियमित अनुगमन र समग्र अनुगमन प्रणालीको सुधारका लागि सरकारलाई निर्देशन दिने बताए । उनले नियमित बजार अनुगमनले निरन्तरता पाउनुपर्नेमा जोड दिँदै संघीय व्यवस्थालाई बलियो नबनाएसम्म सूक्ष्म व्यवस्थापन सम्भव नहुने भनाइ राखे ।

बिहीबारको बैठकमा उपभोक्ता अधिकारकर्मी एवं अभियानकर्ताले अत्यावश्यक वस्तु तथा सेवाको बजार स्वस्थ्य र प्रतिस्पर्धी बन्न नसकेको समस्याप्रति राष्ट्रिय सभा सदस्यहरूको ध्यानाकर्षण गराए । एकातर्फ वाणिज्य विभागको अनुगमन प्रभावकारी नहुनु र अर्कातर्फ स्थानीय सरकारले नगन्य मात्रामा गर्ने बजार अनुगमनले उपभोक्ता मारमा पर्ने उनीहरूको भनाइ थियो ।

उपभोग्य वस्तु तथा सेवाको मूल्यवृद्धि, बजार अनुगमनको अवस्था, उपभोक्ता हक संरक्षण र प्रवर्द्धन सम्बन्धमा देखिएका समस्या र सुझावबारे छलफलमा उपभोक्ता जागरण अभियान नेपालका अध्यक्ष कृष्णप्रसाद अधिकारीले प्रभावकारी बजार अनुगमनको अभ्यास नभएको गुनासो गरे ।

'बजारमा सुनदेखि नूनसम्म स्वस्थ छैन । उपभोक्ताहरू वस्तु वा सेवाको मूल्य, तौल र गुणस्तरमा ठगिँदै आएका छन्,' उनले भने, 'प्रभावकारी अनुगमन भएको छैन ।' विश्व उपभोक्ता महासंघ नेपालका अध्यक्ष तारा कार्की र सुशासन महासंघ नेपालका प्रतिनिधि ओम लामिछानेले बजार अनुगमनका क्रममा कारबाहीमा परेकासमेत राजनीतिक भनसुनका आधारमा छुट्ने हुँदा दण्डहीनताले प्रश्रय पाइरहेको टिप्पणी गरे । खाद्य, मलखाद, शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी र यातायातजस्ता वस्तु तथा सेवाको गुणस्तर र मूल्यमा अनियमितताले उपभोक्ता मारमा परिरहेको उनीहरूको गुनासो छ ।

उपभोक्ता अधिकारकर्मीले विधायिकाहरूले बजारमा अनियमितता र कालोबजारीलाई बेवास्ता गर्न नहुनेतर्फ सचेत गराउँदै सुझाव प्रस्तुत गरे । अत्यावश्यक वस्तु तथा सेवामासमेत ठगिन परेकाले सरकार र राजनीतिक नेतृत्वप्रति नागरिकको अविश्वास बढेको उनीहरूको भनाइ थियो ।

समिति सभापति शेर्पाले अभियानकर्मीलाई आफ्नो भूमिकामा पारदर्शी र जिम्मेवार बन्दै राजनीतिकर्मीलाई खबरदारी गर्न सुझाव दिए । उनले अभियानकर्मी र जनप्रतिनिधिबीच अविश्वासको खाडल आपसी सहकार्यले पुर्नपर्ने बताए । 'धेरै उपभोक्ता मञ्च र समिति छुट्टाछुट्टै किन बनाउँछौं नेपालमा ? तपाईंहरू यति धेरै संख्यामा हुनुहुन्छ । तपाईंहरूको अभियानबाट के परिणाम आयो ?,' सभापति शेर्पाले भने ।

समिति सदस्य राजेन्द्रलक्ष्मी गैरेले अभियानकर्ता र जनप्रतिनिधि दुवैप्रति नागरिकको विश्वास बलियो बनाउन उपभोक्ताको अधिकारका लागि मिलेर काम गर्नुपर्ने बताए । समिति सदस्य विष्णुकुमारी सापकोटा, कृष्णबहादुर रोकाय, उदयबहादुर बोहरा र गोपी सार्की अछामीले उपभोक्ता सचेतनामा जोड दिए । उनीहरूले अभियानकर्तालाई उपभोक्ता सचेतना अभिवृद्धिका लागि सरोकारवाला सबै मिलेर काम गर्नुपर्ने बताए । *रासस*

# एनसिबी र राहदानी विभागबीच समझदारी

**काठमाडौं (प्रस)–** अपराध नियन्त्रण गर्न राष्ट्रिय केन्द्रीय ब्युरो काठमाडौं (एनसिबी) र राहदानी विभागबीच बिहीबार समझदारीपत्रमा हस्ताक्षर भएको छ। प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवर र राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालले उक्त समझदारीपत्रमा हस्ताक्षर गरे ।

सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले इन्टरपोलमा रहेका विभिन्न डेटाबेसमध्ये एसएलटिडी (चोरी र हराएको यात्रा कागजात) डेटाबेस हाल नेपालले पनि प्रयोग गर्दै आएको र उक्त डेटाबेसलाई व्यवस्थित गर्न इन्टरपोलद्वारा डब्ल्युआइएसडिएम (डेटा व्यवस्थापनका लागि इन्टरपोल वेबसेवा) प्रविधि इन्टरपोलका सदस्य राष्ट्रलाई आवश्यकता अनुसार प्रदान गरेको चर्चा गरे । साथै डब्ल्युआइएसडिएमलाई प्रयोग गर्ने सम्भावनाको यकीन गर्न पाइलट फेज सञ्चालन गर्दा राहदानी विभागको सिस्टममा एकीकृत गर्न सकिने राहदानी विभागको सुझावअनुरूप नै समझदारी भएको उनले बताए ।

महानिरीक्षक कुँवरले लामो समयदेखि हराएका, चोरी भएका तथा रद्द गरिएका राहदानीको नेपालमा मात्र नभएर वैदेशिक भूमिमासमेत आपराधिक तथा अवैधानिक प्रयोगमा नियन्त्रण तथा जानकारी प्राप्त हुने, डेटाबेसमा अपडेट गर्दा त्रुटि हुने सम्भावनाको अन्त्य हुने, लामो र झन्झटिलो प्रक्रिया यसपश्चात् सहज र छिटो हुनुका साथै नेपाल प्रहरी इन्टरपोल शाखा, अध्यागमन विभाग र राहदानी विभागबीचमासमेत समन्वय हुने विश्वास व्यक्त गरे ।

राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालले समझदारीको महत्त्व र औचित्यताबारे आफ्नो धारणा राख्दै राहदानीको दुरूपयोगबाट हुने अपराध नियन्त्रण गर्न यस समझदारीले सहयोग पुऱ्याउने उल्लेख गरे । साथै आगामी दिनमा पनि नेपाल प्रहरीसँग भएको सहकार्यलाई थप व्यवस्थित बनाउँदै लैजाने उनले बताए । समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक, वरिष्ठ प्रहरी अधिकृत तथा राहदानी विभागका पदाधिकारीको उपस्थिति रहेको थियो ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Q TEC ENGINEERING WLL
पूर्व स्वीकृति मिति २०८०/१२/१५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१० LT. No.302714 चलानी नं: ६०२१७५३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Tech. | 10 | 0 | 1200 | ४३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Extension Electric Technician | 3 | 0 | 1200 | ४३,९६० | | | | | | | |
| 3 | Labour | 34 | 0 | 1000 | ३६,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Rashid Trading & Contracting Co. शहर :Riyadh, Saudi
पुर्व स्वीकृति मिति २०७९/१२/०३ पुन : विज्ञापन स्वीकृति मिति २०८१/०४/१० LT. No.282928 चलानी नं. ६०२०१४४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ARCHITECT LABOURS | 01 | 0 | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १८ गते (2nd Aug. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: १०,०००/-

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SKY LINE OVERSEAS PVT. LTD.
Gov. Lic. No. 321158/080/081
Govt. License 1080/073/74
P.O. BOX:19165, Badri Colony, Sukedhara. Kathmandu, Nepal
1050/09/08 Tel:4490982, 4490983, E-mail: skylineoverseas1080@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी :CRUCK BURGER RESTAURANT COMPANY
पुर्व स्वीकृति मिति : २०८१/०४/१० LT No.308001 चलानी न ६०२२२६९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Burger Maker | 3 | 0 | 140 | ६१,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी :GLOBAL ART LINE FOR CARPENTRY
पुर्व स्वीकृति मिति : २०८१/०४/१० LT No.307972 चलानी न ६०२२२६७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 7 | 0 | 130 | ५६,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Light Driver | 5 | 0 | 135 | ५९,१६० | | | | | | | |
| 3 | Painter | 8 | 0 | 130 | ५६,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Dubai Overseas International Pvt. Ltd.
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

# ‘अभिभावक शिक्षामा जोड दिनुपर्ने’

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको महिला तथा सामाजिक मामिला समितिको बैठकमा सांसद रोशन कार्कीले अभिभावक शिक्षालाई जोड दिनुपर्ने बताएका छन् । उनले कतिपय सामुदायिक विद्यालयमा विद्यार्थी नरहेको विषयलाई हेर्नुपर्नेमा जोड दिए ।

नेपालमा बालबालिकाको शैक्षिक विकासमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को)ले खेल्दै आएको भूमिकाबारे बिहीबार भएको छलफलमा सांसद शान्ति श्रेष्ठले युनेस्कोले शिक्षाको क्षेत्रमा राम्रो भूमिका निर्वाह गरेको बताइन् । उनले अभिभावक तथा शिक्षकहरूलाई पनि अनौपचारिक शिक्षाको खाँचो रहेको औंल्याइन् । सांसद सीताकुमारी रानाले भविष्य राम्रो बनाउने हो भने बालबालिकामा लगानी गर्नुपर्ने धारणा राखिन् ।

युनेस्कोको शिक्षा विभाग प्रमुख ध्रुवराज रेग्मीले युनेस्कोले शिक्षा क्षेत्रमा नेतृत्वदायी भूमिका खेल्दै आइरहेको बताए । उनले सरकारले औपचारिक शैक्षिक क्षेत्र प्राथमिकतामा राखे पनि अनौपचारिक क्षेत्र छुटाएको बताए । उनले भने, ‘अनौपचारिक क्षेत्रलाई छुटाउनुभएन । तथ्यांक हेर्ने हो भने साक्षरतामा मुलुकले राम्रो गरिरहेको छ । समयसँगै साक्षरताको परिभाषा फरक बनिसकेको छ । त्यसैले पाठचक्रममा परिमार्जन ल्याउन जरुरी देखिन्छ ।’ उनले युनेस्कोले ‘ग्रिनिङ एजुकेसन’ को अवधारणा ल्याएको जसले जलवायु परिवर्तनको विषयलाई कसरी पाठचक्रममा लान सकिन्छ भन्नेमा काम भइरहेको बताए ।

युनेस्कोकी सञ्चार तथा सूचना अधिकारी निर्जना शर्माले कोभिडका बेला धेरै बालबालिका अनलाइन शिक्षामा जोडिन पुगेको तर अहिले त्यसको नकारात्मक असर देखिरहेको तथ्य उजागर गरिन् । उनले भनिन्, ‘कोभिडका बेला सिकाइको माध्यम नै ‘भर्चुअल’ माध्यम बन्यो तर सही र गलत छुटचाउन नसक्दा धेरै बालबालिका विशेषगरी छात्राहरू अनलाइनबाट दुर्व्यवहार भोगिरहेका छन्, जसले गर्दा मानसिक समस्या बढेको छ ।’ उनले अनलाइन हिंसालाई कम गर्ने विषय युनेस्कोले प्राथमिकतामा राखेको उल्लेख गरिन् ।


## माइग्रेसन हराएको सूचना

मितिः २०८०/०५/०२ गते कोशल्टारदेखि बानेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी भक्तपुरबाट जारी भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : मेनुका वि.क
रजिस्ट्रेसन.नं.: ६५१४०११३८
ठेगाना.: उदयपुर
सम्पर्क: ९८४७२९७७४०

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ९४ साउन १० गते २०८१ मा प्रकाशित Dana Human Resource Nepal (P) Ltd को Lot No. 307874 को Venus Centre For Carpentary Works कम्पनीको विज्ञापनमा मेनपावरको ठेगाना सिनामंगल, काठमाडौं, टेलिफोन नं. ०१-५९२३३४४, फोन: ९८०२३७३७४७ तथा Email: dananepalpg@gmail.com, info@dananepal, Website: www.danannepal.com हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

Dana Human Resource Nepal Pvt. Ltd.
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: danaepalpg@gmail.com, info@danaepal.com, website : www.danaepal.com
Govt. Lic.No 1692/081/81


# ललितपुरका चार जनामा हैजा संक्रमण



**काठमाडौं (प्रस)–** ललितपुरमा चार जनामा हैजाको संक्रमण पुष्टि भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा भएको परीक्षणमा हैजा पुष्टि भएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका इपिडिमियोलोजी तथा महामारी व्यवस्थापन शाखाका प्रमुख डा. मुकेश पौडेलले जानकारी दिए ।

हैजा पुष्टि भएका सबै युवा ललितपुरको गोदावरी नगरपालिका-१४ मा स्थिति सुधार केन्द्रका हुन् । उनीहरूमध्ये दुई जना उपचारका क्रममा भागेका छन् भने अन्य दुईजनामध्ये एक जना शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल र अर्को एक जनाको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ ।

ललितपुर जनस्वास्थ्य कार्यालयका प्रमुख डा. भुवन पौडेलले सुधार केन्द्रमा रहेका युवामा एक्कासी झाडापखाला देखिएको र परीक्षण गराउँदा हैजा पुष्टि भएको बताए ।

उनले झाडापखाला फैलिएको क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहको सहयोगमा संक्रमण रोकथाम गरिएको जानकारी दिए । शाखाका प्रमुख डा. पौडेलले सुधार केन्द्रमा इनारको पानी प्रयोग गरिएको र उक्त पानी दुषित रहेको बताए । ‘इनारको पानीमा दिसाको जीवाणु देखियो,’ उनले भने, ‘त्यहीबाट हैजा फैलिएको हो ।’

उनले भागेका दुई जनालाई हैजाको प्रारम्भिक उपचार गरेकाले उनीहरूबाट अन्यमा सर्ने सम्भावना कम भएको बताए । उनले बर्खायामसँगै पानीजन्य रोग बढ्ने भएकोले पानी उमालेर खान अनुरोध गरेका छन् ।


## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/११)

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलन भएको साल जातको चिरान २३७.४२ क्यू.फि. काठ लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

श्री रुचनडाँडा सा.व.उ.स., रामपुर-१, पाल्पा

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/११)

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलन भएको साल जातको चिरान ५५३.२१ क्यू.फि. काठ लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

श्री आँपखोली सा.व.उ.स., तिनाउ-२, पाल्पा

## श्री फताञ्जे आधारभूत विद्यालय

सोलुदुधकुण्ड नगरपालिका-१०
टाप्टिङ, खाम्डिङ, सोलुखुम्बु

### शिक्षक आवश्यकता

यस फताञ्जे आधारभूत विद्यालयमा रिक्त रहेको प्रा.वि तृतीय श्रेणी करार शिक्षक पदका लागि योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट यो दरखास्त आह्वान गरिन्छ ।

**आवश्यक न्यूनतम योग्यता:-**

१) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक हुनु पर्ने ।
२) शैक्षिक योग्यतास: १०+२ उर्तिण गरेको ।
३) स्थायी अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने ।
४) कुनै फौजदारी अभियोग नलागेको ।

**संलग्न गर्नुपर्ने कागाजातहरु :-**

१) नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपि ।
२) सबै शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु ।
३) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि ।

**परीक्षाको किसिम**

१) लिखित र मौखिक र आवश्यक परेमा प्रयोगात्मक परीक्षा समेत लिन सकिने ।
२) परीक्षा हुने स्थान : सम्पर्क मितिमा तोकिने छ ।
३) परीक्षा दस्तुर रु. १५०० (एक हजार पाँच सय मात्र) पछि फिर्ता नहुने गरी ।
(४) निवेदन दिने अन्तिम म्याद: २०८१ श्रावन १५ गते मंगलबार विद्यालय समय भित्र ।
५) आवेदन दिने स्थान : श्री फताञ्जे आ. वि. सोलु.दु.न.पा.१०, खाम्डिङ, सोलुखुम्बु ।
६) परीक्षा मिति: आवेदन दिने अन्तिम मितिमा तोकिने छ ।
७) तलब स्केल अनुदान रकम बमोजिम ।
८) माथिल्लो योग्यता तथा अनुभविलाई विशेष प्राथमिकता दिइनेछ ।

**सम्पर्कको लागि:**

वि.व्य.स. अध्यक्ष पेमछिरी शेर्पा ९८४४३०६७०७
शि.अ.संघ अध्यक्ष भैराज मगर ९८६१५६१०६१
प्रधानाध्यापक कृष्ण बहादुर मगर ९८६९१२०६१
नि. प्रधानाध्यापक दोर्जी शेर्पा ९८६४१८८८९९

## साई स्वागत बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा., ३ बाँसबारी काठमाडौं

### चौधौ र पन्ध्रौ बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

यस संस्थाको मिति: २०८१/०३/३१ गते बसेको संचालक समितिको निर्णय अनुसार संस्थाको चौधौ र पन्ध्रौ बार्षिक साधारण सभा तपसिल बमोजम हुने भएकोले सम्पूर्ण सेयर सदस्य ज्यूहरुलाई अनिवार्य उपस्थितिका लागि सादर अनुरोध गर्दछौं ।

**तपसिल**

**क) कार्यक्रम :**
साधारण सभा हुंने मिति : २०८१/०४/३२ गते शुक्रबार
साधारण सभा हुंने स्थान : हालको संस्थाको कार्यालय, का.म.न.पा. १०, बिजुलीबजार
साधारण सभा हुने समय : बिहानको ११:०० बज

**ख) साधारण सभामा पेश गरिने प्रस्तावहरु:**

१. आ.ब.०७९/०८० र ०८०/०८१ को अध्यक्षको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.ब.०७९/०८० र ०८०/०८१ को ले.प. प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.ब.०८१/०८२ को बार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने सम्बन्धमा ।
४. आ.ब.०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति तथा नीजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. संस्थाको संचालक समिति र लेखा तथा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
६. संस्थाको कार्यक्षेत्र परिवर्तन गर्ने सम्बन्धमा ।
७. संस्थाको विभिन्न नीतिहरु पारित गर्ने सम्बन्धमा ।
८. साधारण सभाको अघिल्लो दिन सम्मको संचालक समितिका निर्णयहरुको अनुमोदन गर्ने सम्बन्धमा ।
९. साधारण सभाको निर्णय प्रमाणीकरणको लागि सदस्यहरु मध्यबाट प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
१०. विविध ।

संचालक समितिको आज्ञाले
व्यवस्थापक

## मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काभ्रे
बागमती प्रदेश, नेपाल
फोन नं. ०११४१२११३

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०४।११)

यस नगरपालिकाको मिति २०८१।०३।१८ को सूचना बमोजिम मण्डनदेउपुर नगरपालिका भित्र रहेको तपसिलका नदि तथा खोलाबाट उत्खनन हुने नदिजन्य पदार्थको संकलन तथा बिक्री शुल्क (आन्तरिक आय) बन्दोबस्तको लागि सूचना बमोजीम प्राप्त बोलपत्रहरु मिति २०८१।०४।०२ गते खोलिएकोमा उक्त बोलपत्रहरुको मुल्याङ्कन गरी प्रक्रियागत रुपमा पेश गरेको प्रतिवेदन अनुसार सारभुत रुपमा प्रभावग्राही रहेको र अधिकतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिल बमोजिमको बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदातालाई जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| कार्य नं | कार्यको नाम | बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| ३/IR/२०८१/०८२ | मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रको डाँडखोला र थारखोला नदि क्षेत्रबाट ढुंगा, वालुवा, ग्राभेल (IEE मा उल्लेखित ७ क्षेत्रहरुबाट संकलन तथा बिक्री गर्ने) | यम्खा बिल्डर्स (Yamkha Builders) | रु.२८११०१८ (अठ्ठाइस लाख एघार हजार अठार रुपैया मात्र) |

## काठमाडौं उद्योग मुद्रण उद्योग संघको दशौं साधारण सभा तथा सातौं अधिवेशनबारे सुचना ।।

KPA

प्रकाशन मिति: २०८१/०४/११

**आदरणीय सदस्य महानुभावहरु**

यस काठमाडौं मुद्रण उद्योग संघको मिति २०८१ श्रावण ४ गते बसेको कार्यसमितिको बैठकको निर्णय अनुसार संस्थाको दशौं साधारण सभा तथा सातौं अधिवेशन मिति **२०८१ भाद्र १ गते शनिबार**का दिन तपसिलमा उल्लेखित विषयहरु उपर छलफलगरी निर्णय हुने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरु:**

(क) कार्यसमितिको तर्फबाट अध्यक्षज्यूले प्रतिवेदन प्रस्तुत गर्ने सम्वन्धमा ।
(ख) सचिवज्यूको सांगठनिक प्रतिवेदन प्रस्तुत गर्ने सम्वन्धमा ।
(ग) कोषाध्यक्षले आ.ब. २०७९/०८० र २०८०/८१ को लेखा परिक्षण प्रतिवेदन सहितको वित्तिय विवरणहरु प्रस्तुत गर्ने सम्वन्धमा ।
(घ) २०८१/०८२ का लागि लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।
(ङ) विधान संशोधन सम्वन्धमा ।
(संस्थाको विधान संशोधन समितिले पेश गरेको ३ महले पारित सम्वन्धमा ।)

**नोट : मिति २०८१ श्रावण २० गते सम्म सदस्यता नविकरण र तिर्न बाकी वक्यौता समेत संस्थाको कार्यालय मिनभवन वानेश्वरमा आई वा संस्थाको कोषाध्यक्ष श्याम सुन्दर गैह्रे (९८५११८५०४२) र सह-कोषाध्यक्ष गायत्री अधिकारी (९८४९२४०१३३) सँग सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ । उक्त मिति भित्र नविकरण नभएमा र वक्यौता बाँकी भएमा सदस्यहरुलाई साधारण सभा तथा अधिवेशनमा सहभागी गराउन असमर्थ रहने कुरा समेत जानकारी गराउँदछौं ।**

कुमोद खतिवडा (सचिव)

## नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र
समशितोष्ण बागवानी केन्द्र
कीर्तिपुर, काठमाडौं

### कार्यालयमा सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धी सूचना संशोधन गरिएको बारे।

(दोस्रो पटक प्रकाशित मिति : २०८१/०४/११)

यस केन्द्रको ठेक्का नं WTHC-१,२०८१/८२ (कार्यालयको सुरक्षाका लागि सुरक्षा गार्ड सेवा करारमा लिने), मिति २०८१/०४/०४ गते प्रकाशित सूचनामा पारिश्रमिक रकम नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक अनुसार हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गरिएको छ ।

## नेपाल सरकार
## विज्ञापन बोर्ड

### सरकारी विज्ञापन तथा सूचना प्रकासनको लागि दररेट पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**प्रथम पटक प्रकासित मिति २०८१/०४/११**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को उपदफा ५ख. बमोजिम नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका निकाय तथा कार्यालयको चालु आ.व. २०८१/८२ का लागि विज्ञापन तथा सूचना प्रकासन गर्न प्रेस काउन्सिल नेपालको बर्गिकरणमा 'क' बर्गमा परेका ईच्छुक पत्रपत्रिकाहरुले यो सूचना प्रकासित भएको मितिले ३० (तीस) दिनभित्र विज्ञापन बोर्डबाट तोकिएको ढाँचामा न्यूनतम दररेट पेश गर्नुहुन यो सूचना प्रकासित गरिएको छ । तोकिएको समयभित्र दररेट उपलब्ध नगराउने तथा बोर्डबाट दररेट निर्धारण नभएका सञ्चार माध्यमलाई सरकारी निकाय तथा बोर्डले विज्ञापन उपलब्ध नगराउने कानूनी व्यवस्था रहेकोले निर्धारीत समयभित्र विज्ञापन बोर्डमा दररेट पेश गर्नुहुन अनुरोध छ ।

दररेट उपलब्ध गराउने ढाँचा बोर्डको वेभ साईटबाट प्राप्त गरी सोही बमोजिम पेश गरेको विवरणको प्रिन्टप्रति विज्ञापन बोर्डमा र Excel Sheet को softcopy इमेल ठेगानाः **adboard.ratecard@gmail.com** मा अनिवार्य रुपमा पेश गर्नुहुन साथै उपत्यका वाहिरका पत्रपत्रिकाले प्रिन्टप्रति र Excel Sheet दुवै सो इमेल ठेगानामा पठाउनु हुन समेत सूचित गरिन्छ ।

## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LE MIRAGE CITY WALK**

पूर्व स्वीकृति मिति २०७९/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/04/१० | LT. No.272502 | चलानी नं.६०१८८२९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 1 | 2 | 2000 | ७१,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **ARGAN ALBIDA'A HOTEL & RESORT**

पूर्व स्वीकृति मिति २०८१/०२/२७ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/04/१० | LT. No.306054 | चलानी नं.६०२२०८५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 6 | 4 | 130 | ४१,७०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bell Boy | 15 | 0 | 125 | ६६,०३८ | | | | | | | |
| 3 | Butcher | 5 | 0 | 180 | ३८,२३३ | | | | | | | |
| 4 | Head Waiter / Waitre | 6 | 4 | 130 | ३१,२८१ | | | | | | | |
| 5 | House Keeping / Cleaner | 18 | 9 | 100 | ४१,७०९ | | | | | | | |
| 6 | House Keeping Supervisor | 1 | 0 | 140 | ३१,२८१ | | | | | | | |
| 7 | Kids Instructor | 0 | 5 | 280 | ३१,२८१ | | | | | | | |
| 8 | Life Guard | 9 | 0 | 140 | २४,३३० | | | | | | | |
| 9 | Maintenance Technician | 10 | 0 | 160 | ३१,२८१ | | | | | | | |
| 10 | Receptionist (M&f) | 5 | 5 | 180 | २७,८०५ | | | | | | | |
| 11 | Steward/cleaner | 22 | 0 | 100 | ३४,७५७ | | | | | | | |
| 12 | Waiter/waitress | 24 | 15 | 120 | १,०४,२७१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### तानाबाना नबुनी बक्यौता बुझाऊ

झण्डै पाँच वर्षयता नेपाल विद्युत् प्राधिकरण र उद्योगीहरूबीच ‘डेडिकेटेड र ट्रंक’ लाइनको महसुल विवाद छ। महसुलको बक्यौता नतिर्ने ६१ उद्योग छन्। ती उद्योगहरूले बुझाउनुपर्ने बक्यौता ६ अर्बभन्दा बढी छ। तर, उनीहरू सरक्क प्राधिकरणलाई तिर्नुपर्ने बक्यौता नतिरी राजनीतिक नेतृत्वको फेरो समात्न पुगे। जतिबेला प्राधिकरणले बक्यौता तिर्न बारम्बार ताकेता गर्दा पनि नबुझाएपछि विद्युत् लाइन काटेको थियो। अन्ततः प्रधानमन्त्री केपी शर्मा ओलीले तिनै बक्यौता नतिर्ने उद्योगीहरूको कित्तामा उभिँदै तत्काल बक्यौता नउठाइकन पनि उद्योगहरूमा काटिएको लाइन जोड्न निर्देशन दिए। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको ओलीसामु सीप चलेन। लाइन जोड्न बाध्य भए।

यहीबीच बिहीबार संसदको सार्वजनिक लेखा समितिले पनि यो प्रकरणमा हात हालेको छ। लाल आयोगको प्रतिवेदन मागेको छ। जबकि, अदालतहरूले पटकपटक ‘डेडिकेटेड र ट्रंक’ लाइन महसुलको बक्यौता जुनसुकै हालतमा उठाउन बारम्बार आदेश जारी गरेको छ। तर, उद्योगीहरू बक्यौता तिर्न मानिरहेका छैनन्। राजनीतिक नेतृत्वलाई गुहारेर बक्यौता नतिर्न लबिइङ गरिरहेका छन्। जसको प्रतिविम्बको रूपमा विद्युत् जडान गर्न ओलीले दिएको निर्देशन हो। जुन उचित हुँदै होइन।

प्राधिकरणले लोडसेडिङ भएका बेला पनि उद्योगहरूलाई विद्युत् पर्याप्त दिएको थियो। तर, त्यसको प्रिमियम महसुल तिर्न बाँकी छ। उद्योगीहरूले प्रमाणविना महसुल नतिर्ने दाबी गर्दै आएका छन्। तर, प्राधिकरणले कानुनले भनेअनुसार सम्पूर्ण प्रमाण उपलब्ध गराएको दाबी गर्दै आएको छ। यस सम्बन्धमा पछिल्लोपटक बनेको विद्युत् महसुल विवाद समाधान आयोग, २०८० को प्रतिवेदनको आधारमा मन्त्रिपरिषद्ले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत प्राधिकरणलाई ०७२ माघदेखि ०७५ वैशाखसम्मको अवधिको मात्रै प्रिमियम महसुल उठाउन निर्देशन दिएको थियो। ०७२ साउनदेखि पुस र ०७५ जेठदेखि ०७७ जेठसम्मको बक्यौता मिनाहा गरिदिएको थियो। सोहीअनुसार प्राधिकरणले ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता तिर्न बारम्बार उद्योगीहरूलाई निश्चित अवधि दिएका थिए। प्रधानमन्त्री ओलीको आँट पाएपछि फेरि पनि बक्यौता तिर्न तयार भएनन्।

प्राधिकरणले बक्यौता नतिर्ने ६१ मध्यमा रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, जगदम्बा सिन्थेटिक्स, जगदम्बा स्टिल र हुलास स्टिललगायत पर्ने जनाएको छ। यसकारण उद्योगीहरूले जसरी भए पनि तिर्न बाँकी बक्यौता तिर्नैपर्छ। तानाबाना बुन्नुको कुनै जरुरत छैन। किनभने कुनै सर्वसाधारण उपभोक्ताको घरमा विद्युत् महसुल नतिरिए विद्युत् कटौती हुन्छ। यसले गर्दा पनि ६१ उद्योगले जसरी र जुन ढंगले सकिन्छ, त्यही ढंगले बक्यौता तिरेर इमानदारी व्यवसायीको परिचय दिनैपर्छ। होइन भने व्यवसायीप्रति नकारात्मक धारणा विकास हुनेछ।

## मनन्योग्य

### चाणक्य नीति

बिहानैदेखि महानन्दका राज्यमा एक ब्राह्मणको हत्या हुँदैछ भन्ने राजाज्ञा डढेलोजस्तो गरी फैलन थाल्यो। ती आचार्य ब्राह्मण धर्म, साहित्य राजनीतिका महान् पण्डित हुन्, तर कसैमा महानन्दको यो कठोर आज्ञाको विरोधमा मुख खोल्ने सामर्थ्य थिएन।

दण्डको आज्ञाको पहिलो दिन त बित्यो। दोस्रो दिन विहान जेलभित्र बसेर महात्मा चणक विचारमग्न थिए, उनलाई बराबर कौटिल्यको सम्झना आइरहन्थ्यो। कहाँ होला कौटिल्य र कतै नन्दका गुप्तचरका हातमा त परेन ? तर अहँ यस्तो हुन सक्तैन, धेरै बुद्धिमान् छ कौटिल्य। ऊ हिँड्दा त पाइला-पाइला फुकेर हिँड्छ र फेरि मेरो सपना त उसैले पूरा गर्छ। यस्तै मानसिक प्रश्न उत्तरका बीच अचानक चणकको तन्द्रा भंग भयो। हेर्दा महामात्य राक्षस सामुन्नेमा थिए।

‘कुशल त छ आचार्य।’ राक्षसले फेरि हिजोको आफ्ना कुरा आग्रह गरी दोहोऱ्याएर भन्यो- आचार्य। अब पनि समय छ ! चणकले व्यंग्यपूर्वक भने- ’अब केही घण्टाको कुरा हो, महाराज नन्दको आँखामा घोच्ने कोंढा अब नष्ट हुन्छ, अनि तपाईंको मनलाई पनि शान्ति मिल्नेछ।’

राक्षस- आचार्य चणकको मृत्युले सुख हैन, दुःख मिल्छ यस्ता बुद्धिमान्को पूर्ति मगधमा न जाने कति समयपछि होला। चणक- तपाईंको सद्भावनाका लागि धन्यवाद। चिन्ता नगर्नोस् चणकका भस्मद्वारा झट्टै नै अनेकौं चणक मगधमा पैदा हुनेछन्।

हुँ .... हुँकार गर्दै ’त्यसो भए कुनै उपाय नै छैन, यी ब्राह्मणले मृत्युदण्ड भोग्नु नै पर्छ।’ यस्तै कुरा सोचेर राक्षस पुनः राजभवनतिर लागे।

चणकको काटिएको शिर राजधानीको प्रमुख चौबाटोमा अग्लो बाँसमा टाँगिएको थियो। बाँसमा टाँगिएको एउटा पाटीमा मोटा अक्षर मगधका राजद्रोहीको यही परिणाम हुनेछ भनी लेखिएको थियो। **क्रमश :**

# धनीले कसरी खेल्छन् पैसाको खेल ?



■ अचुतकुमार ओझा

‘ धनीहरूले मानिसको दिमागमा संसार हल्लाउन आउने विचारलाई कसरी वस्तुमा परिवर्तन गर्न सकिन्छ निरन्तर सिकिरहेका हुन्छन्। नयाँ सोच विकास गर्न र विकास भएका सोचलाई धनमा बदल्न आफूलाई निरन्तर प्रशिक्षित गर्दै आएका छन्। पैसाको सिद्धान्त पढेर नभई अभ्यासबाट मात्रै सम्भव देखिन्छ। यसैले धनीहरु शून्यबाट एक हुन सम्पति सिर्जनाका नयाँ खोजमा निरन्तर आफूलाई लगाइरहेको देखिन्छ। सम्पतिको परिभाषा फेरिएर “टाइम इज मनी” को स्थानमा “आइडिया इज मनी” हुन आइपुगेको छ। ’

अमेरिकाका लगानीकर्ता चार्ली मुकारले भनेका थिए, ‘मेरो लक्ष्य धनी हुनु होइन, मात्र आर्थिक स्वतन्त्रता पाउनु थियो तर म धनी हुन पुगें।’ यस भनाइका आधारमा हामीले हाम्रो लक्ष्य आर्थिक स्वतन्त्रता हो वा सुरक्षा निर्क्योल गर्नु जरुरी छ। मुकारले जस्तै आफूभित्र भएका स्वतन्त्रताको सम्भावनालाई जगाऔं। गरिब र मध्यम वर्गका हरेक व्यक्ति आर्थिक स्वतन्त्रताभन्दा सुरक्षाको खोजीमा हुन्छन्। विशेष गरेर लगानी, उद्यमशीलता तथा व्यवसायभन्दा रोजगारी र ज्यालामा बढी भरोसा मान्ने स्वभावका हुने गर्छन्।

वास्तवमा तिनीहरू जेलाई सुरक्षित भनिरहेका छन् त्यो नै सबैभन्दा जोखिम हुने गर्छ। खासगरी नोकरीलाई जति मायाका साथ सुरक्षित ठानेका छन्, त्यो नै सबैभन्दा जोखिम हो। हाम्रा नीति, नियम र कानुनहरूलाई हेऱ्यो भने हामीले सुरक्षित ठानेको जागिरमा के कति जोखिम छ थाहा पाइहाल्छौं। सम्झनुहोस् तपाईंले सबैभन्दा सुरक्षित ठानेको निजामती सेवा वा सरकारी संस्थानका नोकरीहरू किन असुरक्षित बन्न सक्छ ? तपाईं शारीरिक वा मानसिकरूपमा अशक्त हुनुभयो भने नेपाल सरकारले के तपाईंलाई तलब दिइरहन सक्छ ? पक्कै सक्दैन। सामान्यतया ९० दिन विनाजानकारी गयल हुनुभयो भने पत्रिकामा सूचना निकालेर नोकरीबाट बिदाइको प्रक्रिया सुरु हुने छ। अझ निजी संस्थामा त्योभन्दा कम केही दिन वा हप्तामा नै जागिर हुने छ। तर एउटा मध्यम परिवारका मान्छे त्यसैलाई सुरक्षित ठान्छ र ‘धनी बुबा गरिब बुबा’ पुस्तकका लेखक रोबर्ट टी. कियोसाकीले भनेजस्तै ‘मुसा दौड’ मा आफूलाई बाँचुन्जेल दौडाइरहन्छ। धनीहरू यसैका लागि पैसाको खेल खेल्छन् तर गरिबहरू यसलाई बुझेर व्यावसायिक प्रणाली विकास गर्नुभन्दा तलब र पदोन्नतिका लागि बढी मरिहत्ते गर्छन्।

‘द प्याराबल अफ द पाइपलाइन’ मा लेखक बर्क हेजेसले दुई पात्र पाब्लो र ब्रुनोको उदाहरण प्रस्तुत गर्दै एउटा सामान्य मान्छे कसरी धनी बन्न सक्छ ? कसरी आम्दानीको प्रणाली विकास गर्न सक्छ ? र कसरी सम्पत्ति सिर्जना गर्न सक्छ ? यसले कसरी धनी बनाउन सक्छ ? भनेर प्रस्तुत गरेका छन्। खासगरी ब्रुनो र पाब्लो एउटा गाउँमा बाल्टिनमा पानी बोकेर बेच्न तल्लीन रहन्छन् तर पाब्लो हाललाई ब्रुनोलेभन्दा कम आम्दानी भएता पनि सँगै गाउँदेखि खोलासम्म पाइपलाइन बिच्छ्याउन थाल्छ तर जब ‘पाइपलाइन’ ओच्छ्याएर सफलता मिल्छ तब दीर्घकालमा ब्रुनोको भन्दा धेरै आम्दानी पाब्लोको हुन जान्छ। अर्थात् पाब्लोबाट ऊ ‘पाब्लो द पाइपलाइन विल्डर म्यान’ बन्न पुग्छ तर ब्रुनो ‘बकेट क्यारियर’ अर्थात् ‘बकेट म्यान’ नै भइरहन्छ। पाब्लो आर्थिकरूपमा स्वतन्त्र हुन पुग्छ, ऊ जाँदा वा नजाँदा, बिरामी हुँदा वा नहुँदा सबै अवस्थामा आम्दानी भइरहन्छ तर ब्रुनो आफैंले काम गर्दा मात्र आम्दानी हुन सक्ने अवस्थामा रहन्छ। सधैं ‘टाइम फर मनी ट्र्याप’ मा परिराख्छ।

धनीहरू सधैं पाब्लोजस्तै पाइपलाइन बिच्छ्याउन रुचाउँछन्। उनीहरू जान्दछन् पाइपलाइन नै ‘लाइफलाइन’ हो। आर्थिक स्वतन्त्रताका लागि हरेकले आफ्नो आम्दानीको पाइपलाइन बनाउन आवश्यक छ। हरेक धनीसँग आफू जान चाहेको गन्तव्यको स्पष्ट मार्गचित्र हुने गर्दछ। गरिबहरू हावामा मुक्का हानेजस्तै जिन्दगीको बास्केटबलमा विनाबास्केट ‘स्कोर’ गर्न खोज्छन्, अझ अगाडि बढेर भन्दा गोल पोस्टविना नै फुटबलमा गोल गर्न रुचाउँछन्। यसले उनीहरूलाई उद्देश्यहीन र दिशाहीन यात्रामा बरालिदिन्छ तर धनीहरू सधैं स्पष्ट ‘ब्लुप्रिन्ट’ बोकेर आफ्नो यात्रामा लम्कने गर्दछन्। सम्पत्तिका विषयमा हामी स्पष्ट हुन आवश्यक छ।

### सिक्नका लागि काम गरौं, कमाउनका लागि होइन

धनीहरूले पनि जागिर गर्ने गर्छन् तर कहिले त्यसैबाट आर्थिक स्वतन्त्रता पाउने विश्वास गर्दैनन्। केवल अनुभव, सीप, बचत र ज्ञान लिनका लागि रोजगारी गर्ने गर्छन्। उनीहरू नोकरीसँग त्यस्तो प्रेम गर्दैनन् जुन मध्यम परिवारकाले गर्ने गर्छन्, जसको भरोसामा जीविकोपार्जन र सेवानिवृत्त कुर्न सक्छन् तर धनीहरू कहिले आफ्नो समय पैसाका लागि बर्बाद गर्न तयार रहँदैनन्। उनीहरूलाई थाहा छ समय सीमित छ तर पैसा असीमित छ। १२ महिना काम गरेर केवल आठ महिनाको मात्रै पारिश्रमिक पाइन्छ, करिब ३० प्रतिशत अर्थात् चार महिनामाथिको ज्याला पहिला कर तिरेर भुक्तानी हुने महिना वारि वा पारि जान नदिने अभियानले मानिसको समृद्धि र सम्पन्नताको ढोका ढक्ढक्याउन सक्दैन। यसैले नोकरीभन्दा थप केही गर्न आवश्यक छ।

### छुटको “अफर”

धनीहरू पनि सेलमा खरिद गर्न रुचाउँछन् तर गरिबहरूले जस्तो दरबारमार्ग र महलहरूमा होइन। उनीहरूलाई थाहा छ, ती सेलहरूमा गरिएको खर्च कहिले फर्केर आउन सक्दैन। यसैले उनीहरू सेयर बजार, रियलस्टेट र प्रतिफलमुखी लगानीका क्षेत्रहरू जहाँ पैसा बनाउन सकिन्छ त्यस्तो स्थानमा सेल लाग्दा किन्न रुचाउँछन्। सबैभन्दा गम्भीर प्रश्न केहो भने ‘वारेन्ट बफेट’ले भनेजस्तै तिमी आफूलाई नचाहिने वस्तु जम्मा गरेर बस्छौं भने त्यसको बदलामा चाहिने सामान छुट्ने छ। यसैले सेलमा जानुभन्दा पहिला त्यसलाई बुझ्ने कोसिस गरौं।

### पहिला आफूलाई भुक्तान गरौं

एउटा सामान्य व्यक्ति त्यही गर्छ जो हामी गर्ने गर्छौं अर्थात् आम्दानीबाट सबैभन्दा पहिला खर्च, नपुगेमा कर्जा सापटी र त्यति गर्दा पनि पैसा नसकिएमा बल्ल आफूलाई भुक्तानी गर्ने आममानिसको आदत हो। बेबिलानको ‘सबैभन्दा धनी मानिस’ पुस्तकमा लेखक जर्ज एस. क्लासनले खाली पर्स भर्ने सातवटा तरिका बताएका छन्। त्योमध्ये ‘सबैभन्दा पहिला आफूलाई भुक्तान गर्नूहोस्’ एक चर्चित तरिका हो।

‘हरेक बिहान १० वटा अण्डा बास्केटमा राख्नुभयो र साँझमा नौवटा मात्रै निकाल्न थाल्नुभयो भने त्यो बास्केट भरिन कति समय लाग्ला सजिलै अनुमान गर्न सकिन्छ। अर्थात् धनीहरूले १०/९० को त्यो सूत्र सिकेका छन्। यसैले सबैभन्दा पहिला जुनसुकै अवस्थामा पनि १० प्रतिशत आफूलाई भुक्तान गर्छन् अनिमात्रै बाँकी खर्च गर्ने गर्छन्।’ उनीहरू पैसालाई काममा कसरी लगाउने जान्दछन्। तर एउटा गरिब व्यक्ति आम्दानी बढेसँगै खर्च बढाउन थाल्छ, अनि खर्चलाई नियन्त्रण गर्न सक्दैन। यो नै सबैभन्दा महाभूल हो।

### धनको अनौपचारिक शिक्षा पढौं

स्कुल शिक्षा र भान्साको टेबलमा हुने शिक्षाको तागत फरक-फरक हुने गर्छ। राज्य र शिक्षा नीति नागरिकलाई आर्थिक स्वतन्त्रताभन्दा पैसाको दासत्व स्वीकार्न लगाउने प्रकृतिको छ। रोबर्ट टी कियोसाकीले भनेजस्तै ‘९७ प्रतिशत मानिससँग भएको सम्पत्ति र तीन प्रतिशत धनीसँग भएको धनदौलत बराबर हुनुको एउटै कारण अनौपचारिक शिक्षा हो।’

उनको तर्क छ हरेक धनी व्यक्ति र सामान्य व्यक्तिले स्कूलमा लिएको शिक्षा समान छ तर उमेर बढ्दै जाँदा सम्पत्तिको मामलामा नतिजा किन फरक आउँछ ? कारण एउटै छ ती तीन प्रतिशत सम्भ्रान्त व्यक्तिले औपचारिक शिक्षाको साथ घरमा नै थप अनौपचारिक शिक्षा पाउन सफल भए। यसैको परिणाम धनको सम्बन्धमा अनौपचारिक शिक्षा पाउनेहरूले जागिरका लागि तयार पार्ने, लोकसेवाका लागि प्रोत्साहित गर्ने र पैसाका लागि मिहेनत गर्न सिकाउने सीमित शिक्षा लिएकाहरूलाई काममा लगाएर आफू आर्थिक स्वतन्त्रता पाउन सफल भए।

औपचारिक शिक्षाले हाम्रो सोच यसरी डोऱ्यायो कि दशैंको टीका लगाउँदा र जन्मोत्सव मनाउँदासमेत आफ्ना सन्ततिलाई आशीर्वाद दिँदा ‘स्कूल जाऔं, राम्रो नम्बर ल्याऔं र सुरक्षित जागिर खोजौं’ भन्ने गर्छौं हामीले कहिले स्वीकार गरेनौं। स्कूलमा त पैसाका बारेमा सिकाइ हुँदैन, बरू सबै समस्याको जड पैसालाई देखाइन्छ। जुन कुरा धनीहरूले बुझे र आफ्ना सन्तानहरूलाई पलङको सिरानीमा पल्टँदै गर्दा सिकाउन थाले तर कमजोर परिवारकाले थाहा नै पाउन सकेका छैनन्। धनको जादूका लागि औपचारिकमात्र नभई अनौपचारिक शिक्षा मूल कुरा हुन आइपुगेको छ।

### लगानीमा भिन्नता हेरौं

धनीहरू घाँटीमाथि लगानी गर्ने गर्छन्। तालिम, शिक्षा र प्रशिक्षण दिएर आफ्नो दिमागी कसरत गरिरहन्छन्। एउटा धनसम्बन्धी सूत्रमा अभ्यस्त भएपछि फेरि नयाँ सूत्र सिक्न थाल्छन्। उनीहरूलाई के थाहा छ भने त्यो गरिब होस् वा धनी हरेक व्यक्ति पैसा आउने काम दोहोऱ्याएर गर्ने गर्छ। गरिबहरू मान्नुहोस् बिहान मन नभएर पनि एउटा सवारी चालक पैसाका लागि साधन लिएर सडकमा निस्कन्छ।

अर्को जागिरे रातभर आफ्नो नोकरीलाई गाली गरेर पनि १० बजे कार्यालयमा पुग्न हतारिन्छ तर धनीहरू पनि पैसाका लागि एउटै काम बारम्बार गर्ने गर्छन् तर उनीहरू आफूलाई मन परेको काम गर्ने गर्छन्। यसका लागि उनीहरूमा सिक्ने क्रम तबसम्म चलिरहन्छ जबसम्म आफूमा निपूर्णता आउँदैन। उनीहरू सिक्न रमाउँछन् तर एउटा मध्यम परिवारको मानिस घाँटीभन्दा तल लगानी गर्न रुचाउँछ। आफूलाई सम्पन्न देखाउन ब्राण्डेड कपडा, जुत्ता र चस्मामा लगानी गर्छ। अझ साथी र छिमेकलाई देखाउनकै लागि ठूला घर र गाडीहरू खरिद गर्छ। कहिले फिर्ता नहुने दायित्व बनेर भरिएको पर्स रित्याउनमात्रै लागिपर्छ। यसले प्रतिफल दिन सक्दैन जुन कुरा धनीहरूले बुझेका हुन्छन्।

### प्रतिफल छिटो हुन सक्छ तर छोटो बाटो असम्भव

आफैं अर्बपति बनेकाहरू हेनरी फोर्ड र थोमस एडिसनजस्ता दुई हजारभन्दा बढी सफल व्यक्तिका बारेमा २० वर्ष लगाएर अध्ययन गरी लेखिएको ‘सोच्नुहोस् र धनी बन्नुहोस्’ पुस्तकका लेखक नेपोलियन हिलले लेखेका छन्, ‘‘गर्भे चिट्ठा’ नपरेका अर्बपतिहरूले कहिले छोटो बाटोबाट आफूलाई स्थापित गर्न सकेनन् र छोटो बाटोको रुचि पनि राखेनन्, जब सफलता नजिक आएको थाहा पाए तब छिटो हुने उपाय भने खोजी गरेको देखियो।’ कयौं छिटो सफल पनि भए।

स्वयं वारेन्ट बफेटलाई हेर्ने हो भने जीवनको आठ दशक लगानी गरेर उनले बनाएको सम्पत्ति यदि त्यसको आधा दशकमात्रै गरेर छोडिदिएका भए के आजको यो सम्पन्नता सम्भव थियो ? अवश्य थिएन। यसैले धनीहरूले कारोबारी भएरभन्दा व्यवसाय र उद्योग नै स्थापना गरी लामो समयको अन्तरालमा सेयर बेचेर धनी भएको देखिन्छ। सेयर किनेरमात्र नभई सम्पत्ति सिर्जना र त्यसको सेयर बेचेर धनी हुन जान्नु आवश्यक छ। तर गरिबहरू आजको केही दिन वा हप्तामा लगानी गरेको दोब्बर वा कयौं गुणा सम्पत्ति बढ्ने लोभमा लगानी गर्ने गर्छन्, त्यो लगानी र व्यवसायमा सम्भव छैन। त्यसका लागि चिट्ठा किन्नु उपयुक्त हुन्छ। यसैले बफेटले भनेजस्तै ‘लामो गतिमा दगुर्ने घोडामा बाजी लगाउनेहरूले कहिले हार्नु पर्दैन’। धनीहरूले त्यो जानेका हुन्छन्।

समग्रमा धनीहरूले मानिसको दिमागमा संसार हल्लाउन आउने विचारलाई कसरी वस्तुमा परिवर्तन गर्न सकिन्छ निरन्तर सिकिरहेका हुन्छन्। नयाँ सोच विकास गर्न र विकास भएका सोचलाई धनमा बदल्न आफूलाई निरन्तर प्रशिक्षित गर्दै आएका छन्। पैसाको सिद्धान्त पढेर नभई अभ्यासबाट मात्रै सम्भव देखिन्छ। यसैले धनीहरू शून्यबाट एक हुन सम्पत्ति सिर्जनाका नयाँ खोजमा निरन्तर आफूलाई लगाइरहेको देखिन्छ। सम्पत्तिको परिभाषा फेरिएर ‘टाइम इज मनी’ को स्थानमा ‘आइडिया इज मनी’ हुन आइपुगेको छ। संसारका केही धनीलाई उदाहरणका रूपमा लिने हो भने एलन मक्सले विवाइडी इलेक्ट्रिक भेहीकल, जेब बेजोफले अनलाइन कारोबार अमेजन र जुकर वर्कले सामाजिक सञ्जाल फेसबुकमार्फत नयाँ सम्पत्ति सिर्जना गरेर विश्वमा राज गरिरहेका छन्। हाल एलन मक्स न्युरोलिंकमार्फत सम्पत्ति सिर्जना गर्न तल्लीन छन्।

सबैभन्दा चाखलाग्दो विषय त आर्टिफिसियल इन्टेलिजेन्ट (एआई), द्रुतगतिको इन्टरनेट र रोबर्टको विकासजस्ता आधुनिक प्रविधिले गर्दा हिजो पाँच/छ दशकमा जन्मने अर्बपति अहिले दुई/तीन वर्षमा सजिलै सम्भव बनेको छ, जुन अनुसन्धान र विकासमा धनीहरू निरन्तर छन्।

अर्कोतिर धनीहरू सधैं छिटोभन्दा छिटो आर्जित आय (तलब र ज्याला आदि) लाई निष्क्रिय आय (भाडा र ब्याज आदि) र पोर्टफोलियो आय (सेयर र बन्डलगायत कागजी सम्पत्ति आदि) मा रूपान्तरण गर्न सक्रिय रहने गर्छन्। उनीहरूले बुझेका हुन्छन्, आर्जित आयलाई जति छिटो बिर्सन सकिन्छ र बाँकी दुई आयको आकार र क्षेत्र बढाउन सकिन्छ। ‘फाइनान्सियल इनडिपेन्डेन्सी’ पुस्तकमा लेखक ग्रेन्ट सबाटियरले भनेजस्तै ‘जीवनमा उति चाँडो आर्थिक स्वतन्त्रता र सेवा निवृत्ति लिन सम्भव छ’। यसैले हरेक व्यक्तिले आम्दानीको पाइपलाइन, सम्पत्ति सिर्जना र आय रूपान्तरण कला जान्न, सिक्न र आफ्ना बालबालिकालाई सिकाउन थालौं। धनीले कसरी खेल्छन् पैसाको खेल ? पढेर मात्रै पुग्दैन अलिकता अगाडि बढेर आफ्नो जीवनमा अभ्यास गरेर हेरौं। *रासस*

*(लेखक सेयर बजारका जानकार हुन्)*

औपचारिक शिक्षाले हाम्रो सोच यसरी डोऱ्यायो कि दशैंको टीका लगाउँदा र जन्मोत्सव मनाउँदासमेत आफ्ना सन्ततिलाई आशीर्वाद दिँदा “स्कूल जाऔं, राम्रो नम्बर ल्याऔं र सुरक्षित जागिर खोजौं” भन्ने गर्छौं हामीले कहिले स्वीकार गरेनौं । स्कूलमा त पैसाका बारेमा सिकाइ हुँदैन, बरू सबै समस्याको जड पैसालाई देखाइन्छ । जुन कुरा धनीहरूले बुझे र आफ्ना सन्तानहरूलाई पलङको सिरानीमा पल्टँदै गर्दा सिकाउन थाले तर कमजोर परिवारकाले थाहा नै पाउन सकेका छैनन् ।

# पुनर्निर्माणको पर्खाइमा जाजरकोट दरबार

**काँक्रेविहार (सुर्खेत)**– वि.सं. १८५२ मा निर्माण भएको ऐतिहासिक जाजरकोट दरबार हाल त्रिपालले ढाकिएको अवस्थामा छ । गत कात्तिक १७ गते रामीडाँडा केन्द्रबिन्दु भएर गएको भूकम्पका कारण दरबारमा क्षति पुगेपछि हाल वर्षाबाट जोगाउन त्रिपालको सहारा लिनुपरेको प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारीले जानकारी दिए । यो भन्दा पहिले दुईपटक आएको भूकम्पले पनि दरबारमा क्षति पुगेको थियो ।



डिभिजन वन कार्यालय जाजरकोटको सहयोगमा त्रिपालले ढाकिएको प्रजिअ अधिकारीले बताए । अत्यन्तै जोखिम भएपछि त्रिपालले ढाकिएको प्रजिअ अधिकारीको भनाइ छ । यसअघिका दुईवटा भूकम्पले दरबारलाई क्षति पुर्‍याएपछि दुवैपटक पुनर्निर्माण गरिएको थियो । यसपटक पुनः भूकम्पले पूर्णरूपमा क्षति पुर्‍याए पनि पुनर्निर्माण हुन सकेको छैन ।

दरबार पुनर्निर्माणका लागि वि.सं. १९९० पछि भक्तपुरका नेवार तत्कालीन इन्जिनियर नाक्चेलाई ल्याएर यसको पुनर्निर्माण गरिएको थियो । यो दरबार ऐतिहासिक तथा पुरातात्त्विकरूपमा महत्त्वपूर्ण मानिन्छ । यो जाजरकोटको मात्र नभएर कर्णालीको मुख्य पर्यटकीय गन्तव्य हो । दरबारमा क्षति पुगेपछि जिल्ला प्रशासनलगायतका सेवा प्रवाह प्रांगणमा सारिएको छ । केही दशकयता जाजरकोट दरबार भनेर चिनिने यो भवनमा प्रशासन कार्यालय रहेको थियो । प्रशासनसँग समन्वय गरेर काम गर्नुपर्ने अरू केही सरकारी कार्यालय यही भवनमा थिए ।

भित्र जोखिम भएपछि नियमित काम गर्न प्रांगणमा अस्थायी संरचना बनाइएको छ । 'सेतो दरबार' भनेर चिनिने जाजरकोट दरबारले भूकम्प सहेको यो तेस्रोपटक हो । यो पटक दरबार चर्किएको मात्र छ । केही वर्षअघि सरकारद्वारा सूचीकृत एक पर्यटकीय गन्तव्यभित्र सेतो दरबार अर्थात् जाजरकोट दरबार पनि समावेश छ । पर्यटकीय गन्तव्यका रूपमा रहेको ऐतिहासिक दरबार भूकम्पले जोखिम निम्त्याएपछि यसको संरक्षणमा चुनौती थपिएको नागरिक अगुवा राजेन्द्रविक्रम शाहले बताए । 'दुईपटक भत्किसकेको दरबार अहिले उस्तै जोखिममा परेको छ, जिल्लाको इतिहास जोगाउन यसलाई जोगाउनैपर्ने हुन्छ,' उनले भने, 'जाजरकोट राज्य हुँदा जनताको श्रमबाट पुनर्निर्माण गरिएको थियो, अब यसरी समयमै पुनर्निर्माण गर्न सहज छैन ।'

योभन्दा ९० वर्षअघि १९९० माघ २ गते नेपाल र भारत केन्द्रबिन्दु भएर गएको आठ म्याग्निच्युडको भूकम्पले जाजरकोट दरबार पूर्णरूपमा भत्किएको थियो । तत्कालीन जाजरकोटी राजा इन्द्रनारायण शाहको पालामा खलंगा क्षेत्रको सबैभन्दा अग्लो भाग छनोट गरेर दरबारको निर्माण गरिएको इतिहास छ । त्यसअघि सोही क्षेत्रमा रातो दरबार थियो । जसलाई वि.सं. १८२५ सालमा राजा हरि शाहले बनाएका थिए । यो दरबारमा पनि अहिले सरकारी कार्यालय छ । यसअघि जिल्ला विकास समिति र कृषि विकास बैंक रहेको रातो दरबारमा अहिले जिल्ला समन्वय समितिको कार्यालय छ ।

रातो दरबार निर्माण गरेको २७ वर्षपछि राजा इन्द्रनारायणले राज्य सञ्चालनका लागि थप भौतिक संरचनाको आवश्यकता ठानेर सेतो दरबार बनाएका थिए । यो दरबार बनाउँदा जाजरकोटी राजाको आदेशमा जनश्रमदान गरिएको थियो । राजाले जनतालाई श्रमदान गर्ने निश्चित दिन तोकिदिएका थिए ।

जाजरकोट दरबारले दोस्रोपटक भूकम्पीय क्षति वि.सं. २०४५ सालमा भोगेको थियो । उदयपुर केन्द्रबिन्दु रहेको उक्त भूकम्प ६.९ रेक्टर स्केलको थियो । त्यसले दरबारको पश्चिम भाग (जसलाई पश्चिम नाल भनिन्थ्यो) मा क्षति पुगेको थियो । उक्त क्षतिको वि.सं. २०५१ मा पुनर्निर्माण गरिएको थियो ।

जाजरकोट दरबारबाट इन्द्रनारायणपछिका सात राजाले शासन गरेका थिए । यो दरबारबाट शासन चलाउने अन्तिम राजा प्रकाशविक्रम शाह थिए । इन्द्रनारायणभन्दा अघिका जाजरकोटी राजा हरि शाहदेखि गजेन्द्रनारायण शाहसम्मले रातो दरबारबाट शासन चलाएका थिए । राजेन्द्रविक्रम शाहका अनुसार जाजरकोटको राज्य सञ्चालन हुने सेतो दरबार र रातो दरबारमार्फत २०१७ सालदेखि सरकारी कामकाज हुँदै आएको हो । २०१७ सालमै प्रकाशविक्रम शाहले नेपाल सरकारलाई ६० हजारमा जाजरकोट दरबारको भवन बिक्री गरेका थिए । त्यसपछि यो सरकारी सम्पत्तिका रूपमा परिणत भएको थियो ।

खलंगाको माथिल्लो थाप्लेमा बनेका व्यक्तिको स्वामित्वमा भएका दुईवटा घरलाई पनि स्थानीयले दरबार भन्ने गरेका छन् । ती दुई घरमध्ये एउटा जाजरकोटी राजा जंगबहादुर शाहका छोराहरू समरध्वज शाह, रणध्वज शाह र सुरबहादुर शाहले वि.सं. १९४२ सालमा जाजरकोटी जनताको सहयोगमा बनाएका थिए । अर्को घर जंगबहादुरकै छोरा शक्तिवर्द्धन शाह, अमरबहादुर शाह, नरशम्शेर शाह र नरजंग शाहले १९५० सालमा बनाएका हुन् । दरबारकै रूपमा चिनिने यी घर राज्य सञ्चालनका लागि नभई राजाका भाइ-छोरा बस्न भनेर दरबारकै स्वरूपमा बनाइएको थियो । राजाका भाइ-छोराहरू धेरै भएर उनीहरूका आवास व्यवस्थापन गर्न ती घरहरू बनेका शाहको भनाइ छ ।

यसअघिका दुवै भूकम्पबाट जोगिएका यी दरबार यसपटक भत्किएका छन् । दरबार आसपासमा बनेका पुराना भौतिक संरचना पनि भूकम्पले तहसनहस छन् । *रासस*

# काभ्रेमा नक्कली नागरिकतासम्बन्धी मुद्दा वर्षेनि बढ्दै

**काभ्रेपलाञ्चोक**– एक वर्षमा झूठो विवरण पेस गरी नागरिकता लिएका २६ नागरिकविरुद्ध मुद्दा दर्ता गरिएको छ । जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले आर्थिक वर्ष २०८०/८१ मा अघिल्लो वर्षभन्दा दोब्बर बढी नागरिकतासम्बन्धी मुद्दा दर्ता भएको जनाएको हो ।

कार्यालयका अनुसार आव २०७९/८० मा नागरिकताका १० मुद्दा दर्ता भएको थियो भने आव २०७८/७९ मा छ मुद्दा दर्ता थिए । जिल्लामा झूठो विवरण पेस गरी नागरिकता लिने बर्सेनि बढ्दै गएको घटनाक्रमले देखाएको हो । हाल नागरिकताको विषयमा पेस हुन आएका कागजातलाई गम्भीरतापूर्वक हेरेर र कतिपयको हकमा प्रहरी प्रतिवेदनसमेत मगाएर मात्रै प्रदान गर्ने गरिएको सहायक प्रमुख जिल्ला अधिकारी सुवास पौडेलले बताए । उनका अनुसार गत वर्षमा भएका घटनाले प्रशासकलाई थप गम्भीर बनाएको छ ।

नयाँ नागरिकतामा पनि प्रशासनले प्रहरी प्रतिवेदन खोज्ने गरेको पाइएको छ । कार्यालयले एक वर्षको अवधिमा जिल्लाबाट १० हजार ४२९ नयाँ नागरिकता जारी गरेको जनाएको छ । नयाँ नागरिकताका लागि एक हजार २७३ सर्जिमिन प्रहरी प्रतिवेदनसहित सिफारिस गरिएको जिल्ला प्रहरी कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, नागरिकको गोप्य चालचलनका लागि एक हजार १० सिफारिस गरिएको उसले जनाएको छ । जिल्ला प्रशासन कार्यालयमा भने एक वर्षमा नौ हजार २२४ पुराना नागरिकताको प्रतिलिपि जारी गरिएको छ । यस्तै, आमाको नामबाट १२ र सात अंगीकृत नागरिकता वितरण गरिएको छ । यस अवधिमा ५५ ले नागरिकता त्यागेका छन् भने ५३ गैरआवासीय नागरिकता जारी भएको छ ।

त्यस्तै, राष्ट्रिय परिचयपत्रका लागि फोटो खिचिएका १९ हजार ७७५ मध्ये एक हजार ९३४ वितरण भएका छन् । राहदानीका लागि १७ हजार ९०३ जनाले कार्यालयमा आवेदन दिएका थिए । एक वर्षमा ५०३ जना दलित-जनजाति तथा ७२४ जनाले नाबालक परिचयपत्र लिएका छन् । *रासस*

# पहिलो किस्ताको पर्खाइमा रुकुम पश्चिमका भूकम्पपीडित

**त्रिवेणी (रुकुम पश्चिम)**– गत वर्ष कात्तिक १७ गते राति जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पले क्षति पुर्‍याएको रुकुम पश्चिममा दुई हजार दुई लाभग्राहीले अझै पहिलो किस्ता पाउन सकेका छैनन् । भूकम्प गएको झण्डै १० महिना बितिसक्दा पनि पीडित पहिलो किस्ताकै पर्खाइमा छन् । पहिलो किस्ता पाएका सबै लाभग्राहीले पनि दोस्रो किस्ता पाउन सकेका छैनन् ।

जिल्लामा ३२ हजार ९९६ लाभग्राहीले पहिलो किस्ताबापत २५ हजार रूपैयाँका दरले रकम पाएका छन् । बाँकी दुई हजार दुई लाभग्राहीका लागि रकम प्राधिकरणबाट उपलब्ध नभएकाले पहिलो किस्ताको रकम नपाएको जिल्ला विपत् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले जानकारी दिए । उनका अनुसार पहिलो किस्ताबापत २५ हजार रूपैयाँका दरले ३२ हजार ९९६ लाभग्राहीले ८२ करोड ४९ लाख रूपैयाँ प्राप्त गरेका छन् ।

आठबिस नगरपालिकाका १० हजार ३९४, मुसिकोट नगरपालिकाका एक हजार ६६०, चौरजहारी नगरपालिकाका सात हजार ५०२, सानीभेरी गाउँपालिकाका ६ हजार ७४, बाँफिकोट गाउँपालिकाका दुई हजार ६४१ र त्रिवेणी गाउँपालिकाका चार हजार ७२५ लाभग्राही रहेका छन् । जिल्ला विपत् व्यवस्थापनबाट हालसम्म १६ हजार लाभग्राहीका लागि दोस्रो किस्ता स्थानीय विपत् न्यूनीकरण कोषमा पठाए पनि ती सबै लाभग्राहीले दोस्रो किस्ता पाउन सकेका छैनन् । दोस्रो किस्ताबापतको प्रतिपरिवार २५ हजार रूपैयाँका दरले स्थानीय विपत् न्यूनीकरण कोषमा ४० करोड रूपैयाँ रकम जम्मा भएको प्रजिअ पन्तले बताए ।

दुई स्थानीय तह बाँफिकोट गाउँपालिका र मुसिकोट नगरपालिकामा अहिलेसम्म दोस्रो किस्ताबापतको कुनै पनि रकम प्राप्त हुन सकेको छैन । यी दुई स्थानीय तहले दोस्रो किस्ता माग नगरेकाले दोस्रो किस्ताबापतको रकम पठाउन नसकिएको विपत् व्यवस्थापन समितिका संयोजक एवं प्रजिअ पन्तले जानकारी दिए । दोस्रो किस्ताका लागि स्थानीय तहबाट माग भएबमोजिम अपुग रकम प्राधिकरणमा माग गरिएको उनको भनाइ छ ।

सरकारले घर पुनर्निर्माणसम्बन्धी मापदण्ड नल्याउँदा प्रभावित क्षेत्रमा पुनर्निर्माणको प्रक्रिया अगाडि बढ्न सकेको छैन । कतिपय पीडित बर्खामा अस्थायी आवासमा बस्न समस्या हुने भन्दै आफैं घर निर्माणमा जुटेका छन् । अस्थायी आवासमा बस्दा बर्खामा समस्या हुने भएपछि जसोतसो आफैं पक्की घर निर्माण गरेर बसेको सानीभेरी गाउँपालिका-४ गोलचौरका शेरबबहादुर चन्दले बताए ।

पहिलो किस्ता पाएको लामो समयसम्म पनि दोस्रो किस्ता पाउन नसकेको त्रिवेणी गाउँपालिका-२ का वीरबहादुर ओलीले गुनासो गरे । 'पहिलो किस्ता पाएपछि जसोतसो गरेर अस्थायी आवास निर्माण गरियो, दोस्रो किस्ता अझै आएको छैन, कहिलेसम्म आउँछ त्यो पनि जानकारी छैन,' उनले भने । दोस्रो किस्ताको रकम आएमा अस्थायी आवासलाई थप व्यवस्थित गर्न सजिलो हुने उनको भनाइ छ । त्रिवेणी गाउँपालिकाको भने पहिलो किस्ता प्राप्त गरेका लाभग्राही संख्या बराबर रकम नआउँदा दोस्रो किस्ताको रकम कसरी वितरण गर्ने भन्ने समस्या भएको जनाएको छ । *रासस*

## डिभिजन वन कार्यालय बाराको काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०४/११**

यस जिल्ला अन्तर्गतका हलखोरिया साझेदारी वन, गढीमाई साझेदारी वन, तामागढी साझेदारी वन, तामागढी राष्ट्रिय वन, निजगढ राष्ट्रिय वनबाट संकलित साल जातको काठ २१५७१.२६ क्यू. फिट र अन्यजातको काठ ९७६९.७७ क्युफिट शिलवन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित मितिले २१औं दिनसम्म कार्यालय समय भित्र अनुमति प्राप्त काठ चिरान गर्ने स:मिल उद्योग, व्यवसायी, फर्म मु.अ.करमा दर्ता भएको र वन नियमावली, २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत फर्म वा यस आ.व.मा सूचीकृत नविकरण गराएको फर्मले मात्र वन तथा भू-संरक्षण विभाग ववरमहल काठमाडौं, प्रदेश वन निर्देशनालय मधेश प्रदेश जनकपुरधाम, जिल्ला प्रशासन कार्यालय बारा र यस कार्यालयबाट बोलपत्र खरिद गरी २२औं दिनको १५.०० बजे भित्र माथी उल्लेखित कुनै एक कार्यालयमा शिलवन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागी यस कार्यालय वा फोन नं. ०५३- ५२००४७ मा सम्पर्क गर्नु हुन तथा यस कार्यालयको वेबसाइट हेर्नु हुन अनुरोध छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/०४/११**

यस कम्पनीको मिति २०८१/०४/०८ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **लुकेशरी इङ्गलिस बोर्डिङ्ग स्कुल सिरहा प्रा.लि. (प्रा.लि. नं. १४३६६२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/०९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सक्षम बोर्डिङ्ग स्कुल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CAFÉ RUUTEL FOR BEVERAGES**

पूर्व स्वीकृति मितिः २०८१/०४/१० | LT. No. 307985 | चलानी नं. ६०२२२६८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : RESTAURANT AHMAD ADIL BEN ABDULGHANI AL-SANAN FOR MEALS**

पूर्व स्वीकृति मितिः २०८१/०४/१० | LT. No. 307984 | चलानी नं. ६०२२२६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor Upload And Download | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : ESTABLISHMENT HAKAYA LUQMA COMMERCIAL**

पूर्व स्वीकृति मितिः २०८१/०४/१० | LT. No. 307986 | चलानी नं. ६०२२२६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL FARASHA AL ZAHABIYA TECHNICAL SERVICES LLC**

पुर्व स्वीकृति मिति २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१० | LT No.304043 | चलानी नं. ६०२१८८६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Helper | 5 | 0 | 800 | २९,१७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Accountant Assistant | 1 | 0 | 1500 | ५४,७०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL KHEMIRA AL RIFIA FOR PASTRIES BAKERY CO.**

पूर्व स्वीकृति मिति २०८१/०४/०८ | LT. No. 307951 | चलानी नं. ६०२२२६७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 1 | 0 | 1400 | ५०,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Sweet Baker | 1 | 0 | 1400 | ५०,००० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1563/079/080

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GAMMA CONSTRUCTION LTD**

पूर्व स्वीकृति मिति : २०८०/०९/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१० | LT. No.:296972 | चलानी नं. :६०२१३०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tiler | 9 | 0 | 16665 | ४७,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 15 | 0 | 16665 | ४७,७२० | | | | | | | |
| 3 | Plumber | 5 | 0 | 16665 | ४७,७२० | | | | | | | |
| 4 | Leading Hand/Mason | 36 | 0 | 16665 | ४७,७२० | | | | | | | |
| 5 | Foreman | 5 | 0 | 16665 | ४७,७२० | | | | | | | |
| 6 | Electrician | 5 | 0 | 16665 | ४७,७२० | | | | | | | |
| 7 | Cook | 6 | 0 | 16665 | ४७,७२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः युनिभर्सल टेक्निकल इन्स्टिट्युट एण्ड ओरियन्टेशन सेन्टर, कपन मार्ग ३, काठमाडौंमा मितिः २०८१ साउन १९ गते (3rd Aug 2024) मा हुनेछ ।**
**मुनाल ट्रेनिङ सेन्टर, इटहरी वार्ड नं. ४, सुनसरीमा मितिः २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : KUWAITI AMERICAN FOODSTUFF CO.WLL**

पूर्व स्वीकृति मिति : २०८१/०४/१० | LT. No. 307902 | चलानी नं.६०२२२६९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Barista | 20 | 0 | 125 | ५४,७५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 10 | 0 | 120 | ५२,५६० | | | | | | | |
| 3 | Waiter/Waitress | 10 | 7 | 120 | ५२,५६० | | | | | | | |

**कम्पनी : YARDEK COFFEE RESTAURANT MANAGEMENT COMPANY**

पूर्व स्वीकृति मिति : २०८०/१०/०९ | पून : विज्ञापन स्वीकृति मिति : २०८१/०४/१० | LT. No. 298650 | चलानी नं.६०२१३६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 02 | 0 | 150 | ६५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १८ गते (2nd Aug 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

सच्याइएको

**कम्पनी : VENUS CENTRE FOR CARPENTARY WORKS**

पूर्व स्वीकृति मिति : २०८१/०४/०८ | LT No.307874 | चलानी न ६०२२२६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 120 | ५२,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Driver | 5 | 0 | 170 | ७४,४६५ | | | | | | | |
| 3 | Helper | 5 | 0 | 110 | ४८,१८० | | | | | | | |
| 4 | Labour | 10 | 0 | 100 | ४३,८०० | | | | | | | |
| 5 | Light Driver | 5 | 0 | 135 | ५९,१३५ | | | | | | | |
| 6 | Machine Operator | 8 | 0 | 140 | ६१,३२५ | | | | | | | |
| 7 | Painter | 8 | 0 | 120 | ५२,५६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १७ गते (1st Aug 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic.No 1692/081/81

**Dana Human Resource Nepal Pvt. Ltd.**
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: dananepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com

# प्रभाव दैनिक





## 'पूर्ण बहादुरको सारंगी'बाट अलिशाको डेब्यु

मोडल अलिशा बास्तोला फिल्म अभिनयमा डेब्यु गर्ने भएकी छन् । दर्जनौं म्युजिक भिडियो अभिनय गरेकी उनले 'पूर्ण बहादुरको सारंगी'बाट फिल्ममा डेब्यु गर्न लागेकी हुन् । फिल्मको बिहीबारदेखि भक्तपुरको दुवाकोटबाट दोस्रो चरणको छायांकन सुरू गरेको हो । पहिलो चरणको छायांकन गत जेठमा ओखलढुंगाको रूम्जाटारमा गरेको निर्माण युनिटले दोस्रो चरणको छायाँकनमा अलिशालाई प्रवेश गराएको हो । विजय बराल, प्रकाश सपूत, मुकुन भुसाल, अञ्जना बराइली, विनोद न्यौपाने, भोलाराज सापकोटा, बुद्धि तामाङ, माओत्से गुरूङ र देशभक्त खनालगायतका कलाकारको अभिनय फिल्ममा रहनेछ ।




शुक्रबार, ११ साउन २०८१ (Friday, July 26, 2024)


# 'मिसेस नेपाल वर्ल्ड २०२४' घोषणा




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** 'मिसेस नेपाल वर्ल्ड २०२४' घोषणा भएको छ । बिहीबार राजधानीको कमलादीस्थित दुईसय ५६ फिट उचाइको २२ औं तल्लामा अवस्थित स्काई वाक टावरमा पत्रकार भेटघाट गर्दै आयोजक संस्था रिवन इन्टरटेनमेन्टले 'मिसेस नेपाल वर्ल्ड'को नयाँ सेसनका लागि आवेदन खुल्ला गरिएको जानकारी दिएको हो ।

आयोजक संस्थाका अध्यक्ष निशुकान्त झाले नयाँ संस्करणको 'मिसेस नेपाल वर्ल्ड २०२४' आगामी कात्तिक १० गते कमलादिस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा हुने बताए । यसका लागि आगामी भाद्र ८ गते नयाँ बानेश्वस्थित अर्याल इन्टरनेशनल होटलमा पहिलो चरणको अडिसन गरिने झाले जानकारी दिए । 'यस पटक हामी केहि परिमार्जित र फरक किसिमले कार्यक्रम गर्ने छौं । जुन, महिला सशक्तीकरणका लागि उपलब्धिमूलक कार्यक्रम साबित हुनेछ' उनले भने ।

कार्यक्रममा 'मिसेस नेपाल वर्ल्ड २०२३' तथा 'मिसेस वर्ल्डकी ह्युम्यनेटेरियन अवार्ड २०२३' विजेता पृथ्वीया थापाले यस प्रतियोगिताले विवाहित र विभिन्न पेसामा आबद्ध महिलालाई थप माथि उठ्ने मौका दिने बताइन् । उनले मिसेस नेपाल वर्ल्ड २०२३ को हैसियतले आफूले अमेरिकामा सम्पन्न मिसेस वर्ल्डमा सहभागी भएर मिसेस ह्युम्यानेटेरियनको उपाधि जित्दाको अनुभव शेयर गर्दै मिसेस नेपाल वर्ल्डमा सहभागी भएपश्चात् आफूले विभिन्न संघ संस्थामा आबद्ध भई बालबालिकाका क्षेत्रमा काम गर्दै आएको जानकारी दिइन् ।

त्यस्तै एमएस नेपाल २०२३ सिता सुवेदीले विवाहित महिलालाई अगाडि बढ्नका लागि मिसेस वर्ल्ड निकै उपयोगी मञ्च भएको बताइन् । प्रतियोगिताका कोरियोग्राफर आश्विनी कान्त झाले मिसेस नेपाल वर्ल्डलाई यसपटक बृहत् ढंगले आयोजना गर्न लागेको बताए । 'हामी मिसेस नेपालको विजेतालाई अमेरिकामा हुने मिसेस वर्ल्डको अन्तर्राष्ट्रिय संस्करणमा नेपालको प्रतिनिधित्व गर्न पठाउँछौं । नेपाली समुदाय र संघ संस्थाहरूसँग समन्वय र सहज वातावरण तय गर्नका लागि म केहि समय अमेरिका गएर हालै फर्किएको छु । त्यस आधारमा मिसेस वर्ल्डको यात्रा हाम्रा लागि अझै सहज हुने विश्वास लिएको छु' उनले भने ।

प्रतियोगिताका सल्लाहकार तथा पत्रकार विदुर गिरी, डब्बु क्षेत्री, स्काई वाक टावरका प्रमुख कार्यकारी अधिकृत कविन्द्र श्रेष्ठ लगायतले शुभकामना दिएका थिए ।

आयोजक संस्थाका अनुसार मिसेस नेपाल इन्टरनेसनल र एमएस इन्टरनेसनलको विजेतालाई सिंगापुरमा हुने प्रतियोगितामा सहभागिताको लागि अवसर मिलाइएको छ । सम्राट शाह र रानी खरेलको संयोजनमा हुने प्रतियोगिताका लागि विभिन्न विधाका विज्ञहरूले प्रशिक्षण दिनेछन् ।

# सरकारले चाहे तत्काल चलचित्र ऐन पास हुन्छ : भुवन केसी

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले सरकारले चाहे तत्काल चलचित्र ऐन पास हुनसक्ने बताएका छन् । बिहीबार चलचित्र विकास बोर्डमा दुई वर्षे कार्यकाल सकिएको अवसरमा आयोजित पत्रकार सम्मेलनका क्रममा उनले यस्तो बताएका हुन् ।

केसीले आफूमाथि धेरैले ठुलो अपेक्षा राख्नु स्वाभाविक भएपनि बोर्डको अधिकार भन्दा माथि गएर काम गर्न नसकिने बताए । उनले आफूले कलाकारका दु:ख र समस्या बुझेको भन्दै सीमित अधिकारका कारण चाहे जति पनि काम गर्न नसकेको बताए । उनले चलचित्र ऐन पारित भएर आएपछि ९० प्रतिशत समस्या समाधान हुने बताए । अहिले अर्थ मन्त्रालयमा ऐन पुगेको र चाँडै नयाँ चलचित्र ऐन आउने बताए । केसीले चलचित्र विकास बोर्डलाई सीमित अधिकार हुने भएकाले प्रयास जारी राख्नुपर्ने बताए ।

# सौरभले गरे 'कर्मा' बनाउने घोषणा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गतवर्षको फागुन १८ गते प्रदर्शनमा आएको फिल्म 'अगस्त्य : च्याप्टर-१'लाई निर्देशन गरेर तारिफ कमाएका निर्देशक सौरभ चौधरीले नयाँ फिल्म निर्माणको घोषणा गरेका छन् । फिल्मको नाम 'कर्मा' राखिएको छ । बिहिबार फिल्म थिम पोस्ट सार्वजनिक गर्दै निर्माणको घोषणा गरिएको हो । सार्वजनिक थिम पोस्ट हेर्दा युद्ध लड्न हिंडेका सौनिहरू देख्न सकिन्छ ।




यस फिल्मलाई सौरभ चौधरीले निर्देशन गर्ने भएका छन् भने फिल्मको कथा पनि उनी स्वयंले लेखेका छन् । यो फिल्म एक्सन ड्रामा एडभेन्चर जनरामा निर्माण हुने बताइएको छ ।

निर्देशक चौधरीको तेस्रो प्रोजेक्ट हो । तीन वर्षअघि उनी निर्देशित 'लभ डायरिज' रिलिज भएको थियो । निर्देशक चौधरीले फिल्मको टाइटल घोषणासँगै भने,'अहिलेसम्म जे जति फिडब्याक पाएको छु, राम्रै पाइरहेको छु । बजेटभित्र उत्कृष्ट काम निकाल्ने हाम्रो प्रयास हुन्छ । यो फिल्म एक्सन मात्रै होइन । एक्सन फिल्मको हिस्सा हो तर फिल्मको बलियो भनेको यसको स्क्रिप्ट हो । यसको पटकथा कसिलो छ ।'

आर्टिस्टिक इनटरटेनमेन्टको प्रस्तुति रहने फिल्ममा बसन्त लम्सालले लगानी गर्नेछन् । फिल्मको कथावस्तु र कलाकारबारे निर्माणपक्षले अहिले जानकारी दिएको छैन । कलाकार अनुबन्ध गर्ने क्रम जारी नै रहेकाले पछि जानकारी गराउने निर्देशक चौधरीले जानकारी दिए । सौरभले 'अगस्त्य : च्याप्टर-१' बाट मेकिङमा गरेको मेहनतको तारिफ भएको थियो ।



# टियु क्रिकेट स्टेडियम निर्माणबारे त्रिवि पदाधिकारीसँग प्रधानमन्त्रीको छलफल



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले कीर्तिपुरस्थित क्रिकेट मैदानमा रंगशाला निर्माण गर्न जग्गाका बारेमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति, रेक्टर र रजिष्टारसँग छलफल गरेका छन् ।

प्रधानमन्त्री ओलीले विहिबार त्रिभुवन विश्वविद्यालयका उपकुलपति, रेक्टर र रजिष्टारसँग कीर्तिपुरस्थित क्रिकेट मैदानमा रंगशाला निर्माण गर्नको लागि लिजमा जग्गा उपलब्ध गराउने विषयमा छलफल भयो। छलफलमा सिनेट बैठक र ग्रेसलिष्टको विषयमा पनि कुराकानी भएको जानकारी दिएका छन् ।

प्रधानमन्त्री ओलीले असार ३१ गते आफु नेतृत्वको सरकारको पहिलो मन्त्रिपरिषद्को बैठकले ३०० दिनमा किर्तिपुरस्थित क्रिकेट स्टेडियममा फ्लड लाइट जडान र प्यारापिटको निर्माण गर्ने निर्णय गरेका थिए ।

# आइपिएलको अक्सनअघि तीन माग

**काठमाडौं–** यस वर्ष आईपीएलको १८औं सिजन अघि मेगा लिलामी आयोजना गरिने भएको छ। यसअघि फ्रेन्चाइजीले खेलाडीलाई रिलिज गर्नुपर्नेछ । हालै बसेको आइपिएल गर्भनिंग काउन्सिल र फ्रेन्चाइजीहरूले भेट गरेर तीन परिवर्तनको माग गरेका छन् । उनीहरूले मेघा लिलामीको अवधि, खेलाडी रिटेन्सनको संख्या र राइट टु म्याचको नियम परिवर्तनको माग गरेको मिडिया रिपोर्टमा उल्लेख गरिएको छ ।

मिडिया रिपोर्टका अनुसार फ्रेन्चाइजीहरूले आईपीएलका तीन नियममा परिवर्तनको माग गरेका थिए । मेघा अक्सन अघि बसेको उक्त बैठकमा फ्रेन्चाइजीहरूले मेगा अक्सनको समयावधि पाँच वर्ष गर्न माग गरेका थिए । यसबाहेक उनीहरूले चारदेखि ६ जना खेलाडी राख्न पाउने र प्रत्येक टोलीलाई कम्तीमा आठ राइट टु म्याच (आरटीएम) को विकल्प दिइनुपर्ने माग गरेका छन् । तर, यी विषयमा अहिलेसम्म कुनै निर्णय भएको छैन ।

हरेक पाँच वर्षमा मेगा लिलामी गर्ने मागको कारण युवा खेलाडीलाई तयारी गर्ने मौका दिने हो । यसले अनक्याप्ड खेलाडीहरूलाई फाइदा पुग्छ र उनीहरूले आफ्नो खेल सुधार गर्न सक्षम हुनेछन् । हाल आईपीएलको मेघा लिलामी प्रत्येक तीन वर्षमा हुन्छ ।

यस बैठकमा, फ्रेन्चाइजीहरूले आईपीएल अधिकारीहरूबाट राइट टु म्याच (आरटीएम) विकल्पमा परिवर्तन गर्न माग गरे । प॰ेन्चाइजीहरू मेघा लिलामी अघि यसलाई आठमा घटाउन चाहन्छन् । यदि यसो भयो भने, टोलीहरूले आफ्ना पुराना खेलाडीहरूलाई उच्च बोलीमा मिलाएर टोलीमा पुनः समावेश गर्न सहज हुनेछन् । एजेन्सी

# ठूलो प्लेटफर्ममा खेल्न सक्छौं भन्ने सन्देश दियौं : इन्दु

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाली महिला टोलीका कप्तान इन्दु बर्माले एसिया कपबाट आफ्नो टोलीले ठूलो प्लेटफर्ममा खेल्न सक्छौं भन्ने सन्देश दिएको बताएकी छन् । तेस्रोपल्ट एसिया कपमा सहभागी भएको नेपालले युएईलाई ६ विकेटले पराजित गरेको थियो । तर, पाकिस्तानसँग नौ र भारतसँग ८२ रनले पराजित हुँदै नेपाल समूहचरणबाट बाहिरिएको थियो ।

बिहीबार स्वदेश फिर्ता भएपछि उनले भनिन्, 'टुर्नामेन्ट सुखद र रोमाञ्चक भयो । यति ठूलो प्लेटफर्ममा खेल्न पाउनु नै ठूला कुरा थियो । हामीले खेल्न सक्छौं भन्ने सन्देश गएको छ । टेस्ट नेसनहरूलाई फाइट दिंदा चैं हामीले पोटेन्सीयल देखाउन सक्यौं जस्तो लाग्छ ।'

युएईसँग भने कसरी हुन्छ जित चाहिन्छ भन्ने रहेको उनले बताइन् । त्यसपछि पाकिस्तानलाई कडा फाइट दिने रणनीति बनाएर सक्दो प्रयास गरेको उनको भनाइ थियो । 'धेरै वर्षपछि हामीले युएईलाई बिट गर्न सक्यौं । बेस्ट मोमेन्ट त्यही हो जस्तो लाग्छ । भारतीय खेलाडीहरूसँग कसरी प्रेसर ह्यान्डल गर्ने, फिटनेस कसरी मेन्टेन गर्ने भनेर कुराकानी गरें,' उनले भनिन् ।

उनले टोलीमा धेरै कमजोरीहरू रहेको स्वीकारिन् । 'हामीले सुधार गर्नुपर्ने चिज धेरै छ । बलिङ, ब्याटिङ, फिल्डिङमा सबै पक्षमा सुधार गर्नुपर्ने छ । हामीले अझै मिहिनेत गरेर सुधार गर्दै गयौं भने ठूला टिमलाई बिट गर्न सक्छौं,' उनले भनिन् ।

फ्लडलाइटमा खेल्दा त्यस्तो फरक नपरेको र यसलाई एक्स्क्युज बनाउन नचाहेको उनले बताइन् । 'ट्वान्टी-२० गेमको बेलामा प्रेस हुन्छ । फ्लड लाइटले ठूलो फरक पर्दैन,' उनले भनिन् ।

# भलिबल टोली स्वदेश फिर्ता

**काठमाडौं (प्रस)–** काभा यु-२० महिला भलिबल च्याम्पियनसिपमा सहभागी भएर नेपाली टोली स्वदेश फर्किएको छ । उपाधि जित्ने लक्ष्यका साथ माले पुगे नेपाल चार टोली सहभागी प्रतियोगितामा नेपाल तेस्रो भएको थियो । उक्त टोली बिहीबार स्वदेश फर्किएको हो ।



किर्गिस्तान, श्रीलंका र माल्दिभ्ससम्मिलित प्रतियोगितामा नेपालले पाँच खेल खेलको थियो । तर, नेपालले माल्दिभ्सबाहेक अन्यलाई हराउन सकेन । किर्गिस्तानसँग लिग चरण र सेमिफाइनलमा नेपाल ३-० ले पराजित भएको थियो । श्रीलंकासँग पनि लिगचरणमा ३-१ ले नेपाल पराजित भएको थियो ।

# बंगलादेशमा खुकुलो पारियो निशेधाज्ञा

**ढाका–** बंगलादेशमा बिहीबार राष्ट्रव्यापी निशेधाज्ञा (कफर्यु) आदेशलाई थप खुकुलो पारिएको छ । गत हप्ता घातक अशान्ति निम्त्याएको विरोध कार्यक्रममा क्रमिक सुस्तता आएसँगै निशेधाज्ञा आदेशलाई खुकुलो पारिएको हो ।

विद्यार्थी संगठनहरूले सरकारी जागिरमा लागू गरिएको आरक्षण नीतिको विरोधमा गरेको आन्दोलनपछि आएको अदालतको फैसलासँगै आन्दोलनमा खासै ठूला झडपका घटना भएका छैनन् । प्रधानमन्त्री शेख हसिनाको कार्यकालको सबैभन्दा खराब अशान्तिका रूपमा हेरिएको यो आन्दोलनमा गत हप्ता १९१ जनाको मृत्यु भएको प्रहरी र अस्पतालबाट एएफपीले पाएको तथ्यांकमा उल्लेख छ ।



हजारौं सैनिकहरू अझै पनि देशका विभिन्न सहरहरूमा गस्ती गरिरहेका छन् र अझै पनि राष्ट्रव्यापी इन्टरनेट अवरोध धेरै हदसम्म प्रभावमा छ । प्रदर्शनकारी नेताहरूले नयाँ प्रदर्शन अस्थायीरूपमा रोक्ने घोषणा गरेपछि झडपहरू कम भएका हुन् । हसिनाको सरकारले अशान्तिको चरमोत्कर्षमा रहेको कर्फ्युलाई फेरि खुकुलो बनाउने आदेश दिएको छ । सरकारको यो निर्णयले बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म सात घण्टा स्वतन्त्र आवागमन गर्न अनुमति दिएको छ ।

दुई करोड जनसंख्या रहेको राजधानी ढाकामा प्रहरी र प्रदर्शनकारीबीच भएको भीषण झडपको केही दिनपछि बिहीबार बिहान यात्रुको भीडले सडक भरिएको देखिन्थ्यो । गत हप्ता बन्द भएका बैंक, सरकारी कार्यालय र आर्थिकरूपले महत्त्वपूर्ण तयारी पोसाकका फ्याक्ट्रीहरू बुधबारदेखि नै खुलेका थिए ।

यस महिनाको र्‍याली आयोजना गर्ने समूह 'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन'ले सरकारबाट धेरै छुटको अपेक्षा गरेको बताएको छ । समूहका एक संयोजक आसिफ महमुदले एएफपीसँग भने, 'प्रधानमन्त्री शेख हसिनाले विद्यार्थीहरूको सामूहिक हत्याका लागि राष्ट्रसँग माफी माग्नुपर्छ भन्ने हाम्रो माग छ । हामी गृहमन्त्री र शिक्षामन्त्रीलाई पनि घटनाका लागि जिम्मेवार ठहर गर्दै बर्खास्त गरियोस् भन्ने चाहन्छौं ।'

महमुदले प्रदर्शनमा सहभागी भएको संख्यालाई कम आँकलन गरिएको बताए । एएफपीका अनुसार गत हप्तादेखि सुरु भएको हिंसामा प्रहरीले कम्तीमा दुई हजार ५०० जनालाई पक्राउ गरिसकेको छ । गत जुन महिनामा आधाभन्दा बढी सरकारी जागिर केही वर्गका लागि आरक्षित गर्ने योजना लागू भएपछि विरोध प्रदर्शन सुरु भएको थियो । बंगलादेशको स्वतन्त्रता संग्रामका लडेका भूतपूर्व सैनिकका सन्तानका लागि करिब एकतिहाइ आरक्षणको व्यवस्था भएको भन्दै विद्यार्थी समूह आन्दोलित भएका थिए ।

सरकारी आँकडाअनुसार बंगलादेशमा करिब एक करोड ८० लाख युवाहरू कामबाट बञ्चित भएका छन्, यस कदमले गम्भीर रोजगारी संकटको सामना गरिरहेका स्नातकहरूलाई गम्भीररूपमा दुःखी बनाएको छ । यो आरक्षण (कोटा) प्रणाली हसिनाको अवामी लिगका वफादारहरूलाई सार्वजनिक जागिरहरू दिलाउन प्रयोग गरिएको सरकारका आलोचकहरूले बताएका छन् ।

सर्वोच्च अदालतले आइतबार आरक्षित जागिरको संख्या कटौती गरेको थियो तर आरक्षणपूर्ण रूपमा खारेज गर्न प्रदर्शनकारीहरूको माग भने पूरा भएको छैन । सन् २००९ देखि देशमा शासन गरिरहेकी ७६ वर्षीया हसिना विपक्षीहरूको सहभागिताविना जनवरीमा भएको निर्वाचनमा लगातार चौथोपटक विजयी भएकी थिइन् । उनको सरकारमाथि अधिकारवादी समूहहरूले राज्यका संस्थाहरूको दुरूपयोग गरी सत्तामा आफ्नो पकड बलियो बनाउन र विपक्षी कार्यकर्ताहरूको गैरन्यायिक हत्यालगायत असहमतिलाई निस्तेज पार्न प्रयोग गरेको आरोप पनि लगाएका छन् । *रासस/एएफपी*

# दक्षिण कोरियासँगको हवाई अभ्यासबाट क्षमता 'तीव्र' हुने अमेरिकाको भनाइ



**सोल–** अमेरिकी सेनाले बिहीबार दक्षिण कोरियासँगको जारी हवाई अभ्यासले उनीहरूको संयुक्त युद्ध क्षमतालाई 'तीव्र' बनाउने बताएको छ । सोल र वासिङ्टनको हवाई सेनाले मंगलबार सोलको दक्षिणी भागमा रहेको सुवनमा करिब तीन साताको संयुक्त अभ्यास सुरु गरेका छन् । अभ्यासमा युएस एफ/ए-१८ र एफ-३५ बी लडाकू विमान संलग्न छन् ।

अमेरिकी मरिन लेफ्टिनेन्ट-कर्नल जारोड एलनले विज्ञप्तिमा भने, 'यो अभ्यासले हाम्रो लडाकू क्षमतालाई अझ तीव्र बनाउने छ ।' सामान्यतया आक्रमणको पूर्वाभ्यासका रूपमा हेर्ने प्योङयाङलाई संयुक्त राज्य अमेरिका-दक्षिण कोरिया अभ्यासले क्रुद्ध बनाउँछ । विशेषज्ञहरूका अनुसार उत्तर कोरियाको वायु सेना उसको सेनामा सबैभन्दा कमजोर कडी भएकाले प्योङयाङ विशेषरूपमा लडाकू जेट अभ्यासप्रति संवेदनशील छ । उत्तर कोरियाले फोहोर बोकेका हजारौं बेलुन दक्षिण कोरियातिर पठाएको र सोलको सेनाले सीमामा लगाइएको लाउडस्पिकरबाट के-पप र शासनविरोधी सन्देश पठाइरहेकाले दुवै कोरियाबीचको सम्बन्ध पछिल्ला केही वर्षदेखि सबैभन्दा न्यून बिन्दुमा पुगेको छ ।

नोभेम्बरको निर्वाचनका लागि रिपब्लिकन राष्ट्रपतिका उम्मेदवार तथा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले किम जोङ उनसँगको आफ्नो सम्बन्धलाई जोड दिँदै गरेको टिप्पणीलाई जवाफ दिँदै प्योङयाङले बुधबार 'अमेरिकासँगको हरेक प्रकारका टकरावका लागि पूर्णरूपमा तयार रहेको' बताएको छ । ट्रम्पले भनेका थिए, 'मलाई लाग्छ उनले मलाई 'मिस' गर्नुहुन्छ र धेरै आणविक हतियार भएको कसैसँग भेट्न पाउँदा मलाई राम्रो लाग्छ ।' राष्ट्रपति पदमा रहँदा ट्रम्पले तीनपटक किमसँग भेट गरेका थिए । यसको सुरुआत सन् २०१८ जुनमा सिंगापुरको ऐतिहासिक शिखर सम्मेलनमा भएको थियो । तर यो जोडीले उत्तर कोरियालाई आणविक निशस्त्रीकरण गर्ने प्रयासमा धेरै प्रगति हासिल गर्न सकेन ।

सिंगापुरको केही महिनापछि ट्रम्पले आफ्ना समर्थकहरूको र्‍यालीमा प्रसिद्धरूपमा दुई व्यक्ति 'प्रेममा परेको' बताएका थिए । तर प्रतिबन्धमा राहत र त्यसको बदलामा प्योङयाङले के त्याग गर्न तयार छ भन्ने कुरामा हनोईमा भएको उनीहरूबीचको दोस्रो शिखर सम्मेलन सन् २०१९ मा असफल भएको थियो ।

बुधबार जारी एक टिप्पणीमा उत्तर कोरियाले ट्रम्पले राज्य प्रमुखहरू बीचमा 'विशेष व्यक्तिगत सम्बन्ध' प्रतिबिम्बित गर्ने प्रयास गरे पनि उनले 'कुनै सकारात्मक परिवर्तन नल्याउनुभएको' बताएको छ । टिप्पणीमा भनिएको छ, 'अमेरिकामा कुनै पनि प्रशासनले पदभार ग्रहण गरे पनि दुई पार्टीको आन्तरिक कलहले अन्योलमा परेको राजनीतिक वातावरण परिवर्तन हुँदैन र सोअनुसार हामीले त्यसको वास्ता गर्दैनौं ।' *रासस/एएफपी*

# चीनद्वारा प्रमुख ऋणको ब्याजदरमा आश्चर्यजनक कटौती

**बेइजिङ–** चीनको केन्द्रीय बैंकले बिहीबार अप्रत्याशितरूपमा मध्यावधि ब्याजदरमा चार वर्षयताकै सबैभन्दा बढी कटौती गरेको छ । विश्वको दोस्रो ठूलो अर्थतन्त्र (चीन) मा अत्यधिक ऋणग्रस्त सम्पत्ति क्षेत्र, सुस्त खपत र उच्च युवा बेरोजगारीले अर्थतन्त्रको बलियो अवस्थामा प्रभाव पारेको हालैका वर्षहरूमा गम्भीर आर्थिक समस्याहरूको सामना गर्नुपरेको छ । बिहीबार बिहान पिपुल्स बैंक अफ चाइनाले आफ्नो मध्यमकालीन ऋण सुविधा (एमएलएफ) को ब्याजदर २.५ प्रतिशतबाट घटाएर २.३ प्रतिशतमा झारेको छ ।

केन्द्रीय बैंकले सामान्यतया महिनाको मध्यमा पूर्वनिर्धारित दिनमा एमएलएफ घोषणा गर्दछ । गत वर्षको अगस्टमा पछिल्लोपटक ब्याजदर घटाइएको थियो तर अहिलेको समायोजनपछि अप्रिल २०२० यताकै सबैभन्दा न्यून ब्याजदर कायम भएको छ ।

केन्द्रीय बैंकले सोमबार महत्त्वपूर्ण दुई ब्याजदरहरू कटौती गरेपछि अपेक्षितरूपमा नै यो समायोजन आएको हो । सन् २०२२ को अन्त्यतिर हटाइएको महामारीविरोधी कडा कदमको प्रभावबाट देशको अर्थतन्त्र पूर्णरूपमा उठ्न असफल भएको छ । चिनियाँ अधिकारीहरूले यस वर्षका लागि पाँच प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिको आधिकारिक लक्ष्य राखेका छन् । *रासस/एएफपी*


## किस्पाङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### बागमती प्रदेश

**२०८१/०८२ को लागि ढुंगा, बालुवा, गिट्टी, ग्राभेल तथा नदीजन्य एंव खानीजन्य र इटा, कवाडी लगायतका सामाग्रीहरुको संकलन तथा विक्रि कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धि सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०४/११**

किस्पाङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय नुवाकोटले स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा २ को (घ) ६, सार्वजनिक खरिद ऐन तथा नियमावली, मिति २०७९/०२/०६ को नेपाल सरकार मन्त्री परिषदको बैठकबाट स्विकृत ढुंगा, गिट्टि, बालुवा, उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धि (पहिलो ) संसोधन मापदण्ड २०७९ बागमती प्रदेश सरकार वाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न वनेको कार्यविधि, २०७५ बागमती प्रदेश आर्थिक ऐन २०८१ किस्पाङ गाउँपालिका राजश्व परामर्श समितिको मिति २०८१/०४/०४ निर्णयानुसार अगामी आ.ब. ०८१/८२ को लागि किस्पाङ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सलाखु र त्रिशुली नदिको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित र आसपासका क्षेत्रहरुबाट आयोजना तथा कार्यक्रमबाट उत्खनित देहायका परिमाणको ढुंगा, गिट्टी, बालुवा रोडा, ग्राभेल साधारण निर्माण सामाग्री र इटा माटो लगायत कवाडीको संकलन तथा विक्रि कर संकलन, कवाडी सामानमा लाग्ने कर र निर्यातजन्य सामानहरुमा लाग्ने निकासी कर समेत असुली सम्बन्धि कार्य गर्नको लागी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्मले यो सूचना प्रकाशित मितिले ३० दिन भित्र यस कार्यालयको सानिमा बैंक किस्पाङ शाखामा रहेको आन्तरिक राजश्व खाता ०५९०१००४००००००८ मा बोलपत्र दस्तुर बापतको रु.३०००.००(तीन हजार) (फिर्ता नहुने )गरि नगदै जम्मा गरेको भौचरको स्क्यान कपि, नविकरण भएको इजाजत पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, २०७९/०८० को कर चुक्ता, सहित बोलपत्र फारम भरी ३१ औं दिनको १२:०० बजे भित्र आफुले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम सानिमा बैंक किस्पाङ शाखामा रहेको स्थानीय तह धरौटी खाता ०५९०१००२००००१५ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) श्रेणीका बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैंक ग्यारेन्टी (Bid Bond) संलग्न राखि सार्वजानिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal मार्फत ई विड पेश गर्न सकिनेछ । रितपुर्वक पर्न आएका बोलपत्रहरु ३१ औं दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइनेछ र अन्य बिस्तृत जानकारीका लागि यस कार्यालयको आन्तरिक आय शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | विवरण | उत्खनन् परिमाण (क्यु फिट) | दर (मु.अ.कर बाहेक) | कुल न्युनतम अंक (सेवा शुल्क र मु.अ.कर बाहेक | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| 01/Revenue/2081/082 | १.नुवाकोट जिल्ला किस्पाङ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेको सलाखु र त्रिशुली नदी किनारबाट निस्कने र आसपालका क्षेत्रहरुमा उत्खिनत ढुंगा, गिट्टि, बालुवा, ग्राभेल, रोडा, चिप्स, माटो यस गाउँपालिलकामा निर्माणधिन योजना आयोजनाहरुले प्रयोग गर्ने निर्माणजन्य सामाग्री (नदीजन्य बाहेक अनुमानित)<br>१. गल्छी त्रिशुली मैलुङ सडक १,००,०००<br>२. त्रिशुली ३ वि आयोजना २,००,०००<br>३.सलाखु सातदोबाटो काहुले भाल्चे साल्मे सडक २,५०,००० | १०,५९,७९४।९७ क्यु फिट<br>५,५०,००० क्यु फिट | ७। | १,१३,८५,४३४।७४ | कबोल अंकको ५ प्रतिशत | ३०००। |
| | २.इटा, कवाडी फलाम तथा सामानहरु, कागज, बोटल एवं थुन्सेको अनुमानित निकासी कर (किस्पाङ गाउँपालिका आर्थिक ऐन २०८१ बमोजिम ) | १ लाख | | | | |

**शर्तहरु:**

१. गाउँपालिकाबाट स्विकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन(IEE)मा तोकिएको स्थालहरुबाट मात्र संकलन उत्खनन गर्नुपर्नेछ ।
२. सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेसम्म E-Bidding मार्फत सार्वजानिक खरिद अनुगमन कार्यालयको Website Centralize EGP Portal WWW.bolpatra.gov.np मा Annex to Bidding data sheet for Provision of E-Bedding मा सबै कागजातहरु Scan गरि PDF format, मा वोलपत्र पेश गर्न सकिने छ। बोलपत्र खरिद, दर्ता गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा विदा पश्चातको कार्यालय खुल्ने दिनलाई क्रमश खरिद र दर्ताको अन्तिम मिति मानिनेछ तर बैंक ग्यारेन्टीको हकमा सूचनामा उल्लेखित मितिबाटै जारी भएकोलाई मान्यता दिइनेछ ।
३. नेपाल सरकार, बागमति प्रदेश सरकार र किस्पाङ गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताको पालन गर्नु पर्नेछ।
४. निर्माण व्यावसायी र गाउँपालिका वीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा निर्माण व्यावसायीको कूनै उजुर लाग्ने छैन। बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसार शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।
५. फर्मले कबोल गरेको अंक( मू.अ.कर समेत) भुक्तानी गर्दा सम्झौताको बखत ५० प्रतिशत, र अन्तिम किस्ता ५० प्रतिशतले भुक्तानी गर्नु पर्नेछ र अन्य कर शुल्क लागेका निर्माण व्यवसायी आफैले असूल गरी प्रचलित कानुन बमोजिम दाखिला गर्नु पर्नेछ।
६. तोकिएको किस्ता म्याद भित्र नवुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइनेछ । असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असूल उपर गर्न सकिनेछ ।
७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
८. परिस्थितिजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।
९. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित नागारिकहरुले निर्माण गर्ने घर/ गोठको लागि नदी किनारबाट मानिस आफैले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि बस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन।
१०. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूंल्याकनमा समावेश गरिने छैन।
११. योजना तथा आयोजनाले आफ्नो क्षेत्रभित्र उत्खनन् गरी संकलित निर्माणजन्य सामाग्रीमा गाउँपालिकाभित्र प्रशोधित र बाहिर लैजानु पर्दा कच्चा पदार्थमा समेत कर संकलन गर्न पाइनेछ ।
१२. सूचनामा उल्लेख भएका कुनै कुराहरु प्रचलित कानून संग बाझिन गएमा प्रचलित कानुन बमोजिम हुनेछ ।



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला - | १४५००० | १४४३०० | १७५० |

# एक वर्षमा नौ परियोजनाका लागि तीन खर्ब लगानी स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** लगानी बोर्डले आर्थिक वर्ष २०८०/८१ मा नौ वटा परियोजनाका लागि रु दुई खर्ब ७१ अर्ब लगानी स्वीकृत गरेको छ । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले प्रधानमन्त्री एवं लगानी बोर्डका अध्यक्ष केपी शर्मा ओलीसमक्ष आर्थिक वर्ष २०८०/८१ मा भएका कार्यसम्पादन करार बमोजिमको कार्यसम्पादन प्रतिवेदनमा सो रकम बराबरको लगानी स्वीकृत भएको उल्लेख छ ।

सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को नियम ८ बमोजिम गत आवका लागि बोर्डको रणनीतिक योजनाका चार वटा स्तम्भअन्तर्गत चयन गरिएका ६० वटा क्रियाकलापको समय सारिणीसहितको मापनयोग्य सूचकका आधारमा कार्यसम्पादन करार गरिएको थियो ।

रणनीतिक योजनाका चार वटा स्तम्भः परियोजना विकास तथा व्यवस्थापन, लगानी प्रवर्द्धन, संस्थागत विकास, समन्वय, सहकार्य र साझेदारीमा केन्द्रित रही सम्पादन गरिएका कार्यको प्रगति विवरण समेटिएको उक्त प्रतिवेदनमा तोकिएअनुसारका सम्पूर्ण सूचक पूरा भई शतप्रतिशत कार्यसम्पन्न भएको लगानी बोर्डको भनाइ छ ।

'यस अवधिमा नौ वटा परियोजनाका लागि रु दुई खर्ब ७१ अर्ब २६ करोडबराबरको लगानी स्वीकृत भएको छ', प्रतिवेदनमा उल्लेख छ, 'बोर्डबाट भएको प्रभावकारी समन्वय र सहजीकरणको परिणामस्वरूप गत जेठ २२ मा अरुण तेस्रो जलविद्युत् परियोजनाको 'हेडरेस टनेल'को 'ब्रेकथ्रु' भएपश्चात् उक्त परियोजनाको जेनेरेसनतर्फ ७५ प्रतिशतभन्दा बढी निर्माण सम्पन्न भएको छ भने ट्रान्समिसन लाइनतर्फ ३८ दशमलव २१ प्रतिशत निर्माण कार्यप्रगति भएको छ ।'

बोर्डका सहसचिव तथा प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले तल्लो अरुण जलविद्युत् परियोजनाको जग्गा प्राप्ति सुरु भएको र माथिल्लो त्रिशूली-१ जलविद्युत् परियोजनाको निर्माण तीव्रगतिमा अगाडि बढिरहेको जानकारी दिए । 'अपर मर्स्याङ्दी-२ जलविद्युत् परियोजना, सौर्य ऊर्जा परियोजना (२५० मेगावाट कोहलपुर र वाणगंगा) र दमक क्लीन इन्डस्ट्रियल पार्कको सम्बन्धमा भने परियोजना विकास सम्झौताको मस्यौदा तयार गरी विकासकर्तासँग वार्ताको चरणमा रहेको छ', उनले भने, 'डाबर नेपालको क्षमता वृद्धि/उत्पादन विविधिकरण परियोजनाको लगानी सम्झौताको मस्यौदा तयार भई वार्ताको चरणमा रहेको छ । साथै रासायनिक मल कारखानाको विस्तृत सम्भाव्यता अध्ययन गर्न जर्मनीसँग समझदारी भएकोमा उक्त कम्पनीबाट प्रारम्भिक अध्ययन प्रतिवेदन प्राप्त भइसकेको छ ।'

उनका अनुसार यसका साथै वीरेठाँटी-मुक्तिनाथ केवलकार परियोजनाको विस्तृत परियोजना प्रतिवेदन मूल्यांकन भइरहेको छ भने वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा सिफारिस गरिएको छ ।

पश्चिम सेती र सेती नदी-६ जलविद्युत् परियोजनाको एमओयू बमोजिम विकासकर्ताले पश्चिम सेती जलविद्युत् परियोजनाको मस्यौदा विस्तृत परियोजना प्रतिवेदन बोर्डको कार्यालयमा पेस गरेको उनले जानकारी दिए । उक्त मस्यौदा प्रतिवेदनको प्राविधिक समीक्षा/पुनरावलोकन गरी प्रतिवेदन लगानी बोर्ड समक्ष पेस गर्नका लागि विज्ञसहितको कार्यदल गठनको प्रक्रिया अगाडिसमेत बढेको उनको भनाइ छ ।

उपाध्याय लगानी बोर्डबाट परियोजना विकास र सहजीकरणलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न स्ट्याण्डर्ड अपरेटिङ कार्यविधि, परियोजना समन्वय समिति गठन भएको जानकारी दिए । लगानी बोर्डमार्फत हुने सेवा प्रवाहलाई सहजीकरण गर्न प्रणाली र प्रक्रिया स्वचालित गरिएको उनले जानकारी दिए ।

प्रवक्ता उपाध्यायले तेस्रो नेपाल लगानी सम्मेलनको सचिवालयका रूपमा लगानी बोर्डको कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गरे । 'लगानी प्रवर्द्धनकै क्रममा विदेशस्थित नेपाली कूटनीतिक नियोग, नेपालस्थित विदेशी कूटनीतिक नियोग, विकास साझेदार, विभिन्न देशका लगानी प्रवर्द्धन निकाय, स्वदेशी तथा विदेशी निजी क्षेत्रका संगठन, गैरआवासीय नेपाली समुदायलगायतको सहकार्यमा दर्जन बढी प्रि-इन्भेष्टमेन्ट सेमिनार, रोड-शो, बहुपक्षीय तथा द्विपक्षीय बैठक आयोजना गरिएको थियो', उनले भने, 'नेपालमा लगानीका सम्भाव्यताको उजागर गर्दै तयार गरिएका विभिन्न नौ वटा क्षेत्रका एक सय ५२ वटा परियोजना प्रस्तुत भएको थियो ।'

बोर्डको कार्यक्षेत्रभित्र पर्ने १२ वटा परियोजना (चार ऊर्जा परियोजनासमेत)सहित कुल १९ वटा परियोजनामा आशयपत्र आह्वान गरिएकोमा दुईवटा परियोजनामा आशयपत्र प्राप्त भई मूल्यांकन अगाडि बढेको उनको भनाइ छ । उल्लिखित प्रयासबाट नेपाललाई लगानीको उपयुक्त गन्तव्यका रूपमा चिनाउन सहयोग पुगेको र आगामी दिनमा प्रत्यक्ष विदेशी लगानी थप अभिवृद्धि हुने अपेक्षा गरिएको उहाँले बताए ।

## लगानीको वातावरण सुधार्नुपर्छ



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीले स्वदेशी तथा विदेशी निजी लगानी आकर्षित गर्न लगानीको वातावरण सुधार्नुपर्ने बताएका छन् । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले बोर्डका अध्यक्ष एवं प्रधानमन्त्री ओलीसमक्ष आर्थिक वर्ष २०८०/८१ को कार्यसम्पादन करारबमोजिम बुझाएको कार्यसम्पादन प्रतिवेदन ग्रहण गर्दै उनले लगानीको वातावरण सुधारलाई निरन्तरता दिनुपर्ने बताए । पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी अवधारणा महत्वपूर्ण हुने भन्दै प्रधानमन्त्रीले लगानी बोर्डमार्फत भइरहेका कार्य र उपलब्धिको प्रशंसा गरेको प्रमुख कार्यकारी अधिकृत भट्टले जानकारी दिए ।

'स्वदेशी तथा विदेशी निजी लगानी आकर्षित गर्न लगानीको वातावरण सुधारलाई निरन्तरता दिनुपर्ने र बोर्डलाई सार्वजनिक-निजी साझेदारीको 'सेन्टर अफ एक्सिलेन्स'का रूपमा विकास गर्नेगरी संस्थागत क्षमता विकास गरिनेछ,' प्रधानमन्त्रीले भने । कार्यसम्पादन प्रतिवेदन पेश गर्ने क्रममा प्रमुख कार्यकारी अधिकृत भट्टले प्रधानमन्त्रीबाट प्राप्त मार्गदर्शनअनुरूप परियोजना विकास, लगानी प्रवर्द्धन तथा संस्थागत सुदृढीकरणका लागि भएका प्रगति, परियोजना कार्यान्वयनका क्रममा देखा परेका समस्या, तिनको समाधानका लागि बोर्डले गरेका प्रयत्न, कार्यसम्पादन गर्दाका सिकाइ र अनुभव र आगामी परिदृश्यबारे प्रधानमन्त्रीसमक्ष संक्षिप्तमा जानकारी गराएका थिए ।

# 'आइकाओको प्रतिवेदन एकसाताभित्र पेस गर्नु'

■ प्रभाव संवाददाता

**काठमाडौं–** संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को प्रतिवेदन एकसाताभित्र पेस गर्न संस्कृति, पर्यटन तथा नारिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको छ । समितिको सिंहदरबारमा भएको बैठकले एकसाताभित्र प्रतिवेदन समितिमा पेस गर्न पर्यटनमन्त्रीलाई निर्देशन दिने निर्णय गरेको हो । समितिका सभापति राजकिशोर यादवले समितिले चिठी लेखेर आइकाओको प्रतिवेदन मगाउँदा पनि प्राप्त नभएको भन्दै अप चिठी लेख्न नपर्नेगरी समयभित्रै प्रतिवेदन बुझाउन आग्रह गरे ।

यस्तै नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण विभाजनसम्बन्धी विधेयकबारे समितिलाई जानकारी गराउन पनि बैठकले पर्यटन मन्त्रालयलाई निर्देशन दिएको छ । पर्यटन मन्त्रालयको पहलकदमीले विधेयक अगाडि बढ्न नसक्ने हो भने प्रधानमन्त्री तहमा कुरा गरेर भए पनि अगाडि बढाउन समितिले सक्रियता देखाउने सभापति यादवले बताए । उनले भने, 'प्राधिकरण विभाजनसम्बन्धी विधेयक कहाँ र कुन अवस्थामा छ, अर्को बैठकमा आउँदा समितिलाई जानकारी गराउनुपर्छ ।'

सभापति यादवले डेढ वर्षको अवधिमा काम गरेको जानकारी भएको तर परिणाम नदिएको भन्दै अबका दिनमा कुरा हैन परिणाम चाहिने बताए । समितिका अधिकांश सांसदले मुलुकको हवाई सुरक्षालाई दृष्टिगत गर्दै प्राधिकरण विभाजनसम्बन्धी विधेयक अगाडि बढाउन माग गरेका थिए ।

तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईले 'नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक-२०७६' विसं २०७६ फागुन ११ मा राष्ट्रियसभामा दर्ता गराएका थिए । नेपाल नागरिक उड्डयन प्राधिकरण एने-२०५३ अन्तर्गत स्थापित प्राधिकरणले नियमन र हवाई सेवा प्रदायक दुवै सेवा दिँदै आएको छ । नियामक र सेवा प्रदायक गरी अलग-अलग निकायको रूपमा बनाउने प्रयोजनका निम्ति उक्त विधेयक अगाडि बढाइएको हो । विसं २०७८ साउन १८ गते राष्ट्रियसभाबाट पारित उक्त विधेयक अहिले निष्क्रिय छ । विसं २०७९ असोज १ गते प्रतिनिधिसभाको कार्यकाल समाप्त भएकाले निष्क्रिय भएको हो ।

समितिले युरोपेली संघ (इयू)को सुरक्षा सूचीबारे के कति प्रगति भएको हो र अब कतिसमयपछि नेपाल उक्त सूचीबाट हट्छ भन्नेबारे विस्तृत विवरणसहित समितिको अर्को बैठकमा उपस्थित हुन प्राधिकरणलाई निर्देशन दिएको छ । कोरियन एयरलाइन्सको एकाधिकार तोड्न र नेपाल एयरलाइन्सको विमान कोरिया उडान सम्बन्धमा जानकारी दिन तथा यती एयरलाइन्सको विमान दुर्घटनासम्बन्धी प्रतिवेदन पनि समितिलाई उपलब्ध गराउन निर्देशन दिएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पसल कवल भाडामा लगाउनेसम्बन्धी कागजात एक साताभित्र समितिमा पेस गर्न पनि समितिले निर्देशन दिएको छ ।


## विज्ञापन दर/रेट सम्बन्धी सूचना !

**प्रभाव** राष्ट्रिय दैनिकमा आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दररेट २०८१ साउन १ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**ज्याकेट विज्ञापन रू. १५,००,०००/-**

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | रु.२४००/- | रु.२२००/- |
| भित्री पृष्ठ | रु.१६००/- | रु.१४००/- |
| अन्तिम पृष्ठ | रु.२०००/- | रु.१८००/- |

### वर्गीकृत डिस्प्ले

| विवरण | रंगीन | श्यामश्वेत |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु.३,०००/- | रु.१५००/- |
| प्रतिशब्द | रु.३०/- | रु.२५/- |

*नोट : उपरोक्त दररेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन ।*

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
फोन नं.०१-४३७३५७७, ४५८४३६८
E-mail : marketing2prabhab@gmail.com
website: www.prabhabonline.com


# 'वैकल्पिक ऊर्जालाई दूरदराजमा प्रवर्द्धन गर्नुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले दूरदराजका जनतामा पुग्नेगरी वैकल्पिक ऊर्जालाई प्रवर्द्धन गर्नुपर्ने बताएका छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आज आयोजना गरेको स्वागत तथा बधाई कार्यक्रममा उनले तल्लो र दूरदराजका जनतालाई लक्षितगरी योजना बनाउनुपर्ने बताएका हुन् ।

'म पनि दूरदराजबाट प्रतिनिधित्व गर्ने व्यक्ति हुँ, हामीले पठाएको रकम दूरदराजमा बस्ने तल्लो वर्गलाई नपुगेको हुनसक्छ, हामीले पठाएको योजना पुग्यो कि पुगेन त्यसको अनुगमन भएको छ की छैन, यसमा केन्द्रले विशेष चासो दिनुपर्छ', उनले भने ।



ऊर्जामन्त्री खड्काले विद्युत्को विकास नभएको तत्कालीन अवस्थामा वैकल्पिक ऊर्जाको ज्यादै महत्व रहेको स्मरण गर्दै अझै पनि कतिपय स्थानमा वैकल्पिक ऊर्जाको आवश्यकता रहेको उल्लेख गरे । उनले तल्लो वर्गका जनतालाई कसरी निःशुल्क ऊर्जा वितरण गर्न सकिन्छ त्यसतर्फ केन्द्रले अध्ययन गर्नुपर्ने बताए ।

मन्त्री खड्काले लक्षित वर्गका लागि खर्च गर्ने रकम कमी हुँदा समस्या भएको उल्लेख गरे । तल्लो वर्गका मानिस आर्थिक र सामाजिक हिसाबले सबल नभएसम्म देश विकास हुन नसक्ने उनले बताए ।

मन्त्रालयका सचिव सरीता दवाडीले दिगो विकासको लक्ष्य हासिल गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको महत्वपूर्ण भूमिका रहेको बताए । उनले विद्युत्को पहुँचभन्दा बाहिर रहेका जनतालाई उर्जा प्रदान गर्नका लागि नवीकरणीय उर्जाको व्यवस्था गरिएकाले यसलाई प्रभावकारी ढंगले अगाडि बढाउनुपर्ने उल्लेख गरे ।

केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले केन्द्रले विभिन्न निकायको समन्वयमा दूरदराजमा रहेका जनतालाई नवीकरणीय ऊर्जा पुऱ्याउनका लागि काम गरिरहेको बताए ।

उनले खाना पकाउने स्वच्छ ऊर्जा कार्यक्रमअन्तर्गत स्थानीय तहसँगको लागत साझेदारीमा विद्युतीय चुलो, बायोग्यास र सुधारिएको चुलोको प्रवर्द्धन तथा विस्तार गरिएको जानकारी दिए । केन्द्रले साना, लघु जलविद्युत्लाई मर्मतसम्भारगरी राष्ट्रिय प्रसारण लाइनमा जोड्नका लागि पहल गरिरहेको छ ।


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिःarketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ